


Bath&BodyWorks

# आचार संहिता

# विषय सूची

**विषय सूची**......2

**CEO को पत्र**......3

**आचार संहितालाई कसरी प्रयोग गर्ने**......4

स्वीकारोक्ति......4

**आचार संहितालाई कसरी प्रयोग गर्ने**......5

मूल्य मान्यताहरू......5
आचार संहिता......5
एकात्मक नीतिहरू......5
कार्यविधिहरू......5

**हाम्रो मूल्य-मान्यताहरूले नेतृत्व गर्दै: हाम्रो प्रतिबद्धता तथा जवाफदेहिता**......6

मूल्य-मान्यताहरूले नेतृत्व गर्नु......6
नेतृत्वकर्ताहरूका लागि थप जिम्मेवारीहरू......6
छुटहरू......6
बोल्नुहोस्: प्रश्नहरू राख्नुहोस् र चिन्ताहरूलाई उठाउनुहोस्......6
हाम्रो खुला सञ्चारका लाभ......6

**हाम्रो मूल्य-मान्यताहरूले नेतृत्व गर्दै: तपाईं र कार्यस्थल**......7

तपाईंले नैतिकता हटलाइनमा सम्पर्क गर्नुभयो भने के हुन्छ त?......7
प्रतिशोध......7
इमान्दारीता......8
समय रेकर्ड गर्ने......8
कार्यस्थलको स्वास्थ्य तथा सुरक्षा......8
हिंसारहित कार्यस्थल; हतियार वा बन्दुकहरू बर्जित......8
समान अवसर र सकारात्मक कार्य......8
यौन उत्पीडन रोकथाम......9
शिष्टाचार, गैर-विभेद र अन्य उत्पीडन......10
उत्पीडन, विभेद तथा प्रतिकारका बारेमा सूचित गर्ने मार्गदर्शन......10

**हाम्रो मूल्य-मान्यताहरूले नेतृत्व गर्दै: हामी व्यापार कसरी गर्छौं**......11

लागूऔषध र मदिरा-मुक्त कार्यस्थल......11
जिम्मेवार वितरकहरूसँग साझेदारी गर्ने......11
वातावरणीय जिम्मेवारी......11
उत्पादन गुणस्तर......11
विश्वव्यापी व्यापार......11
मनी लाउन्डेरिङ......11
हितको द्वन्द्व......12
निष्पक्ष प्रतिस्पर्धा र निष्पक्ष सम्झौता......14
सरकारहरूसँग अन्तरक्रिया......14
राजनीतिक संलग्नता......14
घुसखोरी र भ्रष्टाचार......14
व्यापारिक उपहारहरू र आतिथ्यता......15
उपहारहरू र आतिथ्यता स्वीकार गर्ने......16

**हाम्रो मूल्य-मान्यताहरूले नेतृत्व गर्दै: हाम्रो कम्पनी र तपाईं**......17

आर्थिक सत्यनिष्ठा र सटीक रेकर्डहरू......17
व्यक्तिगत र व्यापारिक जानकारीको रक्षा गर्ने......17
लेखापरीक्षण र अनुसन्धानहरू......19
कम्पनीको नीतिको प्रयोग......19
आन्तरिक जानकारी......19
बौद्धिक सम्पत्ति......20
बाह्य सञ्चारहरू......20
सामाजिक सञ्जालको प्रयोग......20
परोपकारी दान र आग्रहहरू......21

**हाम्रो मूल्य-मान्यताहरूले नेतृत्व गर्दै: हाम्रो कोडको व्यवस्थापन**......22

सम्बन्धित स्रोतहरू......22

आदरणीय सम्बद्ध,

हाम्रो मूल्यमान्यता हाम्रो संस्कृतिसँगको सम्बन्ध हो र हाम्रो व्यापार अभ्यासहरूलाई मार्गदर्शन गर्दछ। त्यसले हामीले **कसरी** कुराहरू गर्छौं भन्नेसँग सम्बन्धित सफलता मापकको पनि भूमिका खेल्छ।

**दयालु हुनुहोस्।** हामीले सेवा गर्ने हरेक सहयोगी, ग्राहक र समुदायका लागि दया, आशावादी र आनन्ददायी सम्भावनाहरूको समर्थन गर्नुहोस्।

**साहसी बन्नुहोस्।** Gingham को हृदयसँग नेतृत्व र प्रेरित नवीनता र अनुभवहरू सिर्जना गर्न अपेक्षितभन्दा बाहिर जानुहोस्।

**जिम्मेवार हुनुहोस्।** हाम्रा सबै हितधारकका लागि निष्ठाका साथ सफलता प्रदान गर्न आफ्नो भूमिका निभाउनुहोस्। एकअर्काका लागि र हाम्रा ग्राहकहरूका लागि के सही छ भनेर इमानदारी र सम्मानका साथ नेतृत्व गर्नुहोस्।

**एकजुट हुनुहोस्।** हाम्रोअनेकता, समानता र समावेशी प्रयासले हामीलाई बलियो बनाउँछ। हामी अनेकता, समानता, समावेशीकरण, निष्पक्षता र सम्मानलाई व्यवसायको हरेक स्तरमा एकीकृत गर्दछौं जहाँ सबैले सुरक्षित महसुस गर्छन् र सफल हुन सशक्त छन् र जहाँ भेदभाव, उत्पीडन, बदमाशी र प्रतिशोधलाई सहन सकिँदैन। हामी सँगै सिक्दा र सँगै ख्याल राख्दा, हामी सँगै उठ्छौं।

हाम्रो आचार संहिता हाम्रो मूल्य-मान्यताहरूमा आधारित छन् र यो यस्तो संसाधन हो जहाँ एसोसिएटहरूले त्यस्ता जानकारीहरू भेट्न सक्छन् जसले कस्तो व्यवहारहरू स्वीकार्य हुन्छन् र कस्तो हुँदैनन् भन्ने कुराको वर्णन गर्छ। हाम्रा सबै नीतिहरू हाम्रो मूल्य-मान्यतामा आधारित हुन्छन्, चाहे त्यो हाम्रो संहितामा होस्, चाहे हाम्रो मानक सञ्चालन प्रक्रियाहरूमा होस् वा हाम्रो व्यवसायको अन्य कुनै स्रोतहरूबाट।

हाम्रो जस्तो एक नवीनता-युक्त, रचनात्मक र उद्यमशील वातावरणमा काम गर्नुको अति धेरै लाभहरू छन्। यस्ता लाभहरूसहित हामीसँग केही जिम्मेवारी पनि जोडिन्छन् – हाम्रै लागि र एकअर्काका लागि पनि। त्यस जिम्मेवारीको भागको रूपमा संहिता र कम्पनी नीतिहरूको समीक्षा गर्ने, संहितालाई सम्हाल्ने तथा हामी कुनै कुराका बारेमा अनिश्चित हुँदा प्रश्नहरू सोध्ने कुराहरू समावेश हुन्छन्। यो एक व्यक्तिगत वाचा हो र एक कम्पनीको रूपमा हामी सम्पूर्ण रूपमा जुन कुराका लागि खडा भएका हौं त्यसका लागि आधारभूत पनि रहेको छ। तपाईंले कहिले पनि कुनै हाम्रो मूल्य-मान्यता वा संहितासँग बेमेल रहेको कुरा देख्नु भएमा त्यसको बारेमा तपाईंको व्यवस्थापक, मानव संसाधन साझेदार वा हाम्रो विश्वव्यापी नीति र अनुपालन टोलीसँग अवश्य पनि कुरा गर्नुहोस्।

धन्यवाद तपाईंलाई जिम्मेवारीलाई बाँड्न सहयोग गर्नुभएकोमा।



Daniel Heaf, प्रमुख कार्यकारी अधिकारी
Bath & Body Works

## आचार संहितालाई कसरी प्रयोग गर्ने

**हामीलाई आफूले सही निर्णयहरू गर्नका लागि मार्गदर्शन प्राप्त गर्नको निम्ति हामीले आचार संहिताको प्रयोग गर्नुपर्छ।** हाम्रो मूल्य-मान्यता प्रतिको प्रतिबद्धताको भागको रूपमा तपाईंले Bath & Body Works र हाम्रा एसोसिएटहरूका लागि राम्रो छनोटहरू गर्न सक्ने स्थिति बनाउनको निम्ति तपाईंसँग संसाधनहरू रहेको कुरा हामी सुनिश्चित गर्न चाहन्छौं। हाम्रो संहिता हाम्रो मूल्य-मान्यताहरूमा आधारित छ र यसले हाम्रो मानक र अपेक्षाहरूलाई प्रस्तुत गर्दछ तथा यसले तपाईंका लागि उपलब्ध Bath & Body Works एसोसिएटहरू प्रतिको दिशातर्फ तपाईंलाई संकेत गर्छ। यस संहिताको अतिरिक्त, तपाईंलाई आफ्नो भूमिका र कार्यमा लागू हुने कुनै पनि अरू नीतिहरू र प्रक्रियाहरूको तपाईंबाट अनुपालन हुने अपेक्षा पनि तपाईंबाट राखिन्छ।

हामी विश्वव्यापी रूपमा व्यापार गर्छौं, त्यसैले हाम्रा नीतिहरू कहिलेकाँही स्थानीय कानुनहरू, नियमहरू, सांस्कृतिक चलन र नियमावालीहरूभन्दा भिन्न हुन्छन्। त्यसैले जब कुनै द्वन्द्व हुन लागेको जस्तो देखिन्छ, तपाईंले आमतयाः बढी बाध्यकारी आवश्यकताहरूको अनुपालन गर्नुपर्छ। यद्यपि, कुनै सांस्कृतिक चलनले हाम्रा मूल्य-मान्यताहरूको उल्लङ्घन गर्ने देखिन्छ वा यदि तपाईं कुनै विशेष स्थितिमा सही कार्यको मार्ग के होला भन्ने बारेमा अनिश्चित हुनुहुन्छ भने त्यसको बारेमा आफ्ना व्यवस्थापक, मानव संसाधन साझेदार वा हाम्रो विश्वव्यापी नीति र अनुपालन टोलीसँग (EthicsandCompliance@bbw.com) मा सम्पर्क गर्नुहोस्।


**Bath & Body Works का निर्देशक, अधिकारी र सहयोगीहरूले अनिवार्य रूपमा हाम्रो आचार संहिताको अनुपालन गर्नुपर्छ।** Bath & Body Works लाई प्रतिनिधित्व गर्ने तेस्रो पक्षहरूबाट पनि हाम्रो आचार संहिताका सान्दर्भिक कुराहरूलाई अनुपालन गर्नका लागि आग्रह गर्न सकिने छ। Bath & Body Works का तेस्रो पक्षसँग काम गरिरहेका एसोसिएटहरूले सुनिश्चित गर्नुपर्छ कि तेस्रो पक्षहरूसँग हाम्रो नीति आवश्यकताहरूका बारेमा उपयुक्त जानकारीहरू उपलब्ध छ तथा उहाँहरूले तेस्रो पक्षको दुराचार वा सम्भावित कानुनको उल्लङ्घनहरूका बारेमा विश्वव्यापी नीति र अनुपालन टोलीलाई सूचित गर्नुपर्छ।

### अस्वीकृति

हामी सबै एसोसिएटहरूलाई हाम्रो आचार संहितालाई प्रमाणित गर्नका लागि आग्रह गर्छौं, जसको अर्थ यो हुन्छ कि:
तपाईंले हाम्रो मूल्य-मान्यता, आचार संहिता र तपाईंको भूमिकामा प्रभावकारी हुने सबै कम्पनी नीतिहरूलाई पढ्नुभयो र त्यसमा सहमत हुनुहुन्छ।
तपाईंको Bath & Body Works मा रहेको भूमिकासँग आचार संहिता कसरी सम्बन्धित रहेको छ भन्ने कुरा तपाईं बुझ्नुहुन्छ।

- तपाईं सही कार्य मार्गका बारेमा अनिश्चित भएको हुँदा उपयुक्त सम्पर्कहरूलाई प्रश्नहरू सोध्नका लागि सहमत हुनुहुन्छ।
- तपाईंले सबै आवश्यक प्रशिक्षणहरू समयमै पूरा गर्नुहुने छ ।
- तपाईंले हाम्रो आचार संहिताको शंकास्पद उल्लङ्घनहरूका बारेमा सूचित गर्नुहुने हाम्रो अपेक्षालाई बुझ्नुभएको छ ।
- तपाईंले सम्भावित उल्लङ्घनहरूका बारेमा कुनै पनि अनुसन्धानहरूमा सहयोग पुर्‍याउनुहुने छ ।
- यो आचार संहिता कुनै रोजगारी सम्झौता नभएको र हामीले यसलाई कुनै पनि समयमा परिवर्तन गर्न सक्छौं भन्ने कुरा तपाईंले बुझ्नुभएको छ ।
- तपाईंको विद्युतीय हस्ताक्षरले यस आचार संहिता र तपाईंको भूमिकामा लागू हुने सबै अरु कम्पनी नीतिहरूमा तपाईंद्वारा प्रमाणीकरण गरिएको कुरा जनाउँछ।






### मूल्यमान्यता

हामीले गर्ने सबै कार्यहरूको आधार

- दयालु हुनुहोस्
- साहसी बन्नुहोस्
- जिम्मेवार हुनुहोस्
- एकजुट हुनुहोस्

### आचार संहिता

सही निर्णय लिनका लागि मार्गनिर्देशनहरू

- कम्पनी-व्यापी रुपमा लागू हुन्छ
- कर्मचारी र सर्वसाधारणका लागि दृश्यवान
- कानुनभन्दा पनि माथि, उच्चतम मापदण्डहरू
- अनित्य परिवर्तनहरू

### एकात्मक नीतिहरू

आचार संहितामा आधारित हाम्रा कार्यहरूका लागि निर्दिष्ट मार्गदर्शन

- कम्पनी-व्यापी रुपमा लागू हुन्छ
- सहयोगीहरू का लागि हेर्न खुला
- संहिताबाट विस्तार गर्ने
- आवधिक परिवर्तन
- उदाहरणमा कर्मचारी हातेपुस्तिका, विश्वव्यापी यात्रा तथा खर्च नीति तथा लाभ सारांश योजनाहरू पर्छन्

### कार्यविधिहरू

दैनिक क्रियाकलापहरूका लागि कार्य सञ्चालन प्रक्रियाहरू

- विभागहरू र/वा कार्यहरूमा लागू हुने
- प्रबन्धक र मानव संसाधनहरूका लागि दृश्यवान
- विस्तृत, प्रशिक्षण सम्बन्धी
- व्यावसायिक कार्य सञ्चालनमा आधारित निरन्तर परिवर्तनहरू
- उदाहरणहरूमा मानक सञ्चालन प्रक्रियाहरू र प्रबन्धक मार्गनिर्देशनहरू समावेश छन्।

## मूल्य-मान्यताहरूले नेतृत्व गर्ने

**हामी आफ्रा मूल्य मान्यताहरूअनुसार बस्न, सही कुरा गर्न र जहाँसुकैको परिस्थितिलाई वास्ता नगरीकन सबै इमानदारिताका साथ व्यवहार गर्न प्रतिबद्ध छौँ।** हामी सबैमा कानुन-सम्मत बन्नुपर्ने र संहिता तथा अन्य कम्पनी नीतिहरूको पालना गर्नुपर्ने जिम्मेवारी रहेको हुन्छ। यदि तपाईंले कानुन, हाम्रो मूल्य मान्यता वा कम्पनीका अन्य नीतिहरू उल्लङ्घन गर्नुभयो भने, तपाईं अनुशासनसम्बन्धी कारबाहीको अधीनमा हुन सक्नुहुन्छ, जुन कुराले तपाईंको रोजगार समाप्त हुनेसम्मको कारबाही समावेश गर्दछ, चाहे यस्तो उल्लङ्घन कम्पनी परिसर बाहिर वा कार्यालय समय सकिएपछि भएको स्थिति होस्।

## नेतृत्वकर्ताहरूका लागि थप जिम्मेवारीहरू

**सबै व्यवस्थापक र वरिष्ठ नेतृत्वकर्ताहरू एउटा त्यस्तो वातावरण बनाउनका लागि जिम्मेवार रहेका हुन्छन् जसले हाम्रो आचार संहिता र अन्य कम्पनी नीतिहरूको अनुपालन गर्न प्रोत्साहन गर्छ।** जिम्मेवार व्यावसायिक अभ्यासहरूको पर्यवेक्षण त्यति नै महत्त्वपूर्ण हुन्छ जति महत्त्वपूर्ण प्रदर्शन र व्यावसायिक परिणामहरू छन्। व्यवस्थापकहरूलाई अझ उच्च आचरणको मापदण्डमा उभाइने छ र उहाँहरूले कार्यालय भन्दा बाहिर हुँदा समेत ती उच्च मापदण्डहरूको अनुपालन गर्ने अपेक्षा हामी राख्छौँ। हामीलाई आफ्रो मूल्य-मान्यताहरूलाई कायम राख्न र एउटा अनुपालनको संस्कृतिलाई अनुरक्षण गर्न मद्दत गर्न तपाईंले निम्न कार्यहरू गर्नुपर्छ:

- एउटा प्रेरणाको स्रोतको रूपमा भूमिका निभाउने र हर बखत तपाईंको टोलीहरूलाई सत्यनिष्ठासहित कार्य गर्न प्रोत्साहन दिने;
- खुला सञ्चारलाई प्रोत्साहन गर्ने जसले गर्दा सहयोगीहरू ले प्रश्नहरू सोध्न र चिन्ताहरू उठाउन पाउँछन्;
- तपाईंका टोलीहरूले संहिता बुझेको र पालना गरेको तथा सबै तालिमहरू पूरा गरेको सुनिश्चित गर्ने;
- विविधतालाई स्वागत र महत्त्व दिने एक समावेशी वातावरणलाई प्रोत्साहन दिने;
- गैर-प्रतिकारात्मक नीतिलाई सक्रिय रूपमा समर्थन र पालना गर्ने;
- दुराचारका अथवा कानुनको वा नीतिको सम्भावित उल्लङ्घनहरूका मामिलाहरू हुँदा सूचित गर्ने;
- उपयुक्त भएमा, अहिले संहिता र हाम्रा मूल्यमान्यताहरूसँग मेल नखाने व्यवहारलाई सम्बोधन गर्ने;
- र जब आवश्यक पर्छ तब मानव संसाधन वा विश्वव्यापी नैतिकता तथा अनुपालनलाई सूचित गर्ने वा त्यहाँबाट मद्दत लिने।

## छुटहरू

हाम्रो नीतिलाई हाम्रो सञ्चालक समिति द्वारा स्वीकृत गरिएको छ। वरिष्ठ उप-प्रमुख वा माथिका स्थानका कुनै पनि निर्देशकका लागि नीतिको कुनै पनि व्यवस्थाबाट छुट प्राप्त गर्नका लागि सञ्चालक समिति को मानव संसाधन र प्रतिपूर्ति समिति (Human Capital and Compensation Committee)ले त्यसलाई स्वीकृत गर्नुपर्छ। नीतिको कुनै पनि छुटहरूको अन्य अनुरोधहरूलाई प्रमुख कानुनी अधिकारीले अनिवार्य रूपमा स्वीकृत गर्नुपर्छ। कुनै पनि प्राप्त छुटहरू लिखितमा हुनुपर्छ।

## बोल्नुहोस्: प्रश्नहरू राख्नुहोस् र चिन्ताहरूलाई उठाउनुहोस्

यस संहिताले आउन सक्ने हरेक स्थितिको अनुमान गर्न सक्दैन, तर तपाईंले नीतिलाई जाँच गरेर, असल विवेक राखेर र कार्य गर्नुभन्दा अगाडि सहयोगका लागि आग्रह गरेर धेरैजसो समस्याहरूबाट बच्न सक्नुहुन्छ। हामी तपाईंले कामसँग सम्बन्धित विचार, प्रश्न, समस्या र सरोकारहरूबारे हामीसँग खुलेर कुरा गर्नुहोस् भन्ने चाहन्छौँ जसबाट तिनीहरूलाई समाधान गर्न सकियोस्। हामी सबै सहयोगीहरूलाई हामीलाई एउटा समान रूपमा सम्मानजनक, समावेशी संस्कृति कायम राख्न मद्दत गर्न प्रोत्साहन दिन्छौँ जस अन्तर्गत कम्पनीले स्थापना गरेको विभिन्न सूचित गर्ने च्यानलहरू मध्ये एकमा उत्पीडनका बारेमा तपाईंले सूचित गर्न सक्ने व्यवस्था राखेका छौँ। तपाईंसँग कुनै काम-सम्बन्धित स्थितिका बारेमा कुनै चिन्ताहरू छन् वा यदि तपाईंले कुनै गलत भएको कुरा देख्नुभएमा, आफ्रा व्यवस्थापक, मानव संसाधन साझेदार, विश्वव्यापी नैतिकता र अनुपालनसँग कुरा गर्नुहोस् वा नैतिकता हटलाइन लाई bbw.ethicspoint.com मा गएर सम्पर्क गर्नुहोस्।

### अध्ययन अवसरहरू

**मार्गनिर्देशन कहिले खोज्नु पर्छ भन्ने मलाई कसरी थाहा हुन्छ?**

आफैँलाई सोध्नुहोस्:

- यो कार्यको मार्ग गैर-कानुनी हुनसक्ने कुनै सम्भावना छ त?
- के यो हाम्रा मूल्य-मान्यताहरू, संहिता वा नीतिहरूसँग अनुकूल नरहेको स्थिति छ?
- के यसलाई अनैतिक वा बेइमानीपूर्ण मान्न सकिन्छ?
- के यसले कम्पनीको प्रतिष्ठालाई हानि गर्न सक्छ?
- के मैले यस्तो गर्न स्वीकृति प्राप्त गर्नु आवश्यक छ?
- के यसलाई मिडियामा रिपोर्ट गरिएमा यो लज्जास्पद वा नराम्रो देखिने स्थिति छ?

के यीमध्ये कुनै पनि प्रश्नको उत्तर “अवश्य” हो भने, त्यस स्थितिका बारेमा आफ्रा व्यवस्थापक, मानव संसाधन साझेदार, विश्वव्यापी नैतिकता र अनुपालनसँग छलफल गर्नुहोस्।

## हाम्रो खुला सञ्चार लाभ

**हामीसँग एउटा सफलताको परम्परा छ जुन चुस्तता र आपसी सहायतामा निर्मित भएको हो।** हामी विश्वास गर्छौँ कि हामी थप उत्पादक, कुशल र आफ्रो वाचाहरूलाई पुर्‍याउन अझ सक्षम तब हुन्छौँ जब हाम्रा सहयोगीहरू को एकअर्कासँग सहकार्यात्मक सम्बन्ध रहेको हुन्छ। सहकार्य र आपसी सहयोगको मञ्चमा बसेर तथा एकअर्कासँग स्वतन्त्र र सिधा रूपमा काम गर्ने शक्तिलाई कायम राखेर हाम्रा सहयोगीहरू ले आफ्रा क्यारियर र यस व्यवसायलाई वृद्धि गरेका छन्। हाम्रो प्रतिबद्धताको एउटा हिस्साको रूपमा, सहयोगीहरू लाई निम्न सुनिश्चित गरिन्छ:

- समान अवसर र व्यवहार;
- क्यारियर-प्रगतिका अवसरहरू;
- समान र प्रतिस्पर्धात्मक ज्यालाहरू;
- प्रतिस्पर्धात्मक लाभहरू;
- खुला तथा इमान्दार सञ्चार; र
- एउटा फलदायी तथा सुरक्षित काम गर्ने वातावरण।

*हामी*
***मूल्यमान्यताअनुसार***
*बाँच्न प्रतिबद्ध छौंः*

## तपाईंले नैतिकता हटलाइनमा सम्पर्क गर्नुभयो भने के हुन्छ त?

**तपाईंले नैतिकता हटलाइनलाई सम्भावित अनैतिक आचरण अथवा कानुन वा कम्पनी नीतिहरूका सम्भावित उल्लङ्घनहरूलाई नैतिकता हटलाइनमा दिनको 24 घण्टा, 7 दिन सूचित गर्न सक्नुहुन्छ।**

नैतिकता हटलाइनलाई एउटा स्वतन्त्र तेस्रो पक्षले सञ्चालन गर्छ र यसले एसोसिएटहरूलाई अनाम रूपमा (कानुनले दिएको हदसम्म) मामिलाहरू सूचित गर्न सक्षम गराउँछ र अङ्ग्रेजीभन्दा कुनै अन्य भाषामा सूचना दिने सहयोगीहरूलाई समर्थन गर्न अनुवादनका सेवाहरू प्रदान गर्छ। नैतिकता हटलाइनबाट सूचित गरिएका जानकारीहरूलाई निश्चित विभागमा रहेका सूचना जान्न आवश्यक सहयोगीहरूसँग मात्र साझा गरिन्छ, जस्तै विश्वव्यापी नैतिकता र अनुपालन, मानव संसाधन वा कानुन विभाग। हामी नैतिकता हटलाइनमा सूचित गरिएका मामिलाहरूलाई एउटा निष्पक्ष, शीघ्र र जहाँ सम्भव हुन्छ गोपनीय रूपमा समीक्षा गर्न प्रतिबद्ध छौं।



हामी सञ्चालन गर्ने देशहरूमा समर्पित फोन लाइनहरूका लागि वा अनलाइन रिपोर्ट गर्न, bbw.ethicspoint.com मा जानुहोस्।

### प्रतिशोध

तपाईंले चासो अगाडि राखे बापत तपाईं माथि प्रतिशोध हुने, अनुशासनात्मक कार्य गरिने वा कुनै पनि करियरमा हानी पुग्ने गराउने कार्य हुने छैन। हाम्रो गैर-प्रतिकार नीति अनुरूप, कुनै पनि किसिमको प्रतिकारलाई प्रतिबन्धित गरिएको छ, जसमा कुनै व्यक्तिलाई दुराचारलाई सूचित गर्नबाट अति सम्भाव्य रूपमा रोक्न सक्ने कुनै पनि किसिमको अनुशासनात्मक कारबाही, प्रतिहिंसा, धम्की, प्रतिकूल रोजगारी कार्य वा क्यारियर हानि वा कानुनद्वारा सुरक्षा गरिएको कुनै पनि गतिविधिमा सहभागी भए बापत गरिएको अरू किसिमका प्रतिकार पर्छन्।

कुनै पनि संरक्षित गतिविधिको विरुद्ध गरिने कुनै पनि प्रतिकारलाई हामी सहन गर्दैनौं। संरक्षित गतिविधिहरूका उदाहरणका लागि तपाईं गैर-प्रतिकार नीतिलाई समीक्षा गर्न सक्नुहुन्छ। उत्पीडन, विभेद र प्रतिकार सूचित गर्ने मार्गदर्शन अन्तर्गत मामला उठाउने आशय व्यक्त गरेका कुनै व्यक्तिविरुद्ध प्रतिकार गर्न पनि सहयोगीहरू लाई निषेधित गरिएको छ। कुनै पनि सहयोगीहरू लाई कुनै पनि किसिमको प्रतिकारात्मक गतिविधिमा संलग्न देखिएमा, कुनै पनि निम्न प्रकारका त्यस्ता व्यक्तिको विरुद्ध, जसले (a) कुनै सूचित गर्ने च्यानलमार्फत एउटा मामिला सूचित गर्छन् वा त्यसो गर्ने कुरा जनाउँछन्; (b) एउटा मामिलाका बारेमा जानकारी प्रदान गर्छन्, वा (c) कुनै मामलाको जाँच गर्छन्, त्यस्ता एसोसिएट निष्कासन हुने र प्रतिपूर्ति प्राप्त गर्नबाट निषेध हुने वा अनिवेशित विकल्पहरू रद्द गर्ने समेतका अनुशासनात्मक कारबाहीको भागिदार हुन सक्छन्।

कुनै पनि व्यवस्थापक वा पर्यवेक्षक, त्यस भूमिकामा अल्पकालिन रूपमा मात्र सेवारत हुँदा समेत, उहाँहरू प्रतिकारमा परेको भन्ने लागेमा त्यस्तो आचारणका बारेमा अनिवार्य रूपमा आफूले सूचित गर्नुपर्छ। तपाईं एक सहोगी, बिक्रेता, ठेकेदार वा अन्य व्यापारिक साझेदार हुनुहुन्छ र तपाईंलाई लागेको छ कि तपाईं प्रतिकारमा पर्नुभएको छ वा तपाईंले प्रतिकार देख्नुभएको छ भने, कृपया मानव संसाधन वा विश्वव्यापी नैतिकता र अनुपालनमा एउटा मामला प्रस्तुत गर्नुहोस्।



### अध्ययन अवसरहरू

**कोडको शङ्कास्पद उल्लङ्घनबारे मैले कहिले रिपोर्ट गर्नुपर्छ?**
तपाईं त्यसबारे थाहा पाउने बित्तिकै।

**कुनै स्थिति वा घटनाले संहितालाई उल्लङ्घन गर्छ कि गर्दैन भन्ने बारेमा म अनिश्चित भएँ भने के गर्ने त?**
तपाईंले आफ्रा व्यवस्थापक, मानव संसाधन साझेदार, विश्वव्यापी नैतिकता र अनुपालनसँग छलफल गर्नुपर्छ वा नैतिकता हटलाइनमा सम्पर्क गर्नुपर्छ। त्यसै पर्खेर र अरूहरूलाई वा कम्पनीलाई कुनै हानि हुने जोखिम लिनुभन्दा सम्भावित समस्याका बारेमा एउटा मामिला उठाउनु अझ उचित हुन्छ। तपाईंले सत्य भनेर सोच्नुभएको कुनै जानकारीमा आधारित रहेर एउटा मामिला सूचित गर्दैमा तपाईं माथि कुनै अनुशासनात्मक कारबाही गरिने छैन - तपाईं गलत हुनुभएको स्थिति देखिँदासमेत।

**अनि यदि मेरा व्यवस्थापकले मलाई त्यस्तो केही गर्नका लागि आग्रह गर्छन् भने, जुन मेरो विचारमा गैर-कानुनी छ वा त्यसले आचार संहिता वा कम्पनी नीतिको उल्लङ्घन गर्छ? मैले के गर्नुपर्छ?**
सम्भव भएमा पहिले तपाईंले आफ्रो चासोहरूलाई आफ्रा व्यवस्थापकसँग खुला रूपमा र इमान्दारीपूर्वक छलफल गर्नुपर्छ। तपाईं आफ्रा व्यवस्थापकको प्रतिक्रियासँग सन्तुष्ट हुनुहुन्न वा आफ्रा व्यवस्थापकसँग बोल्नका लागि सहज महसुस गर्नुहुन्न भने, तपाईंले आफ्रो अर्को तहको व्यवस्थापक वा मानव संसाधन साझेदारसँग भेट्नुपर्छ। त्यसो सम्भव भएन भने वा तपाईं आफ्रा व्यवस्थापक, अर्को तहका व्यवस्थापक वा मानव संसाधनसँग सिधा जानका लागि सहज महसुस गर्नु हुन्न भने, तपाईंले त्यस्तो मामिलालाई नैतिकता हटलाइनबाट वा विश्वव्यापी नैतिकता र अनुपालनलाई Ethicsandcompliance@bbw.com मार्फत इमेल गरेर सूचित गर्नुपर्छ। कुनै व्यवस्थापकले तपाईंलाई त्यसो गर्नका लागि निर्देशन दिँदा समेत - तपाईंले कहिले पनि जानी-जानी हाम्रो संहिता वा नीतिलाई उल्लङ्घन गर्नुहुँदैन।

## इमान्दारीता

**हामी कार्यस्थलमा इमान्दारीता प्रति प्रतिबद्ध छौं** हामी चोरी, धोका वा जानी-जानी गलत वा भ्रमपूर्ण बयानहरू दिने कार्यहरूलाई प्रतिबन्धित गर्छौं। हामी निम्न कुराहरूलाई बेइमानी आचार मान्छौं जसले गर्दा तपाईं अनुशासनात्मक कारबाहीमा समेत पर्न सक्नुहुन्छ: कम्पनीका विवरण र दस्तावेजहरूमा झुटो कुरा राख्ने (समय, तलब वा खर्चको विवरणहरूसहित), जानी-जानी जानकारीलाई हटाउने, कम्पनीका सम्पत्ति र सामग्रीहरूलाई आफ्नो वा अरू कसैको लाभका लागि दुरुपयोग गर्ने, संस्थागत चार्ज कार्ड वा खाताहरूको दुरुपयोग वा गलत प्रयोग गर्ने वा तपाईंको उत्पादन छुटको दुरुपयोग गर्ने।

## समय रेकर्ड गर्ने

**हामी ज्याला र घण्टासँग सम्बन्धित कानुन र नियमहरूको पालना गर्छौं।** हामी सबै लागू हुने ज्याला र घण्टा सम्बन्धित नियमहरूको पालना गर्नका लागि प्रतिबद्ध छौं, जसमा काम गर्ने घण्टाहरू भन्दा अतिरिक्त समयको काम, विश्राम छुट, खाने अवधि, छुट्टिका दिन, ओभरटाइम खर्च, कार्य समाप्ति खर्च, न्यूनतम-ज्याला आवश्यकता, नाबालिगहरूको ज्याला र घण्टा र अन्य ज्याला र घण्टासम्बन्धी अभ्यासहरू छन्। तपाईंले प्रतिपूर्तिविना नै काम गर्नु वा कुनै पर्यवेक्षकले तपाईंलाई प्रतिपूर्तिविना नै काम गर्नका लागि आग्रह गर्नु भनेको कानुन विरुद्धको कार्य हो र हाम्रो संहिताको उल्लङ्घन हो। तपाईंले ज्याला र घण्टा सम्बन्धित कानुन वा नीतिहरूको कुनै पनि उल्लङ्घनलाई मानव संसाधन वा विश्वव्यापी नीति र अनुपालनमा अनिवार्य रुपमा सूचित गर्नुपर्छ।

## कार्यस्थलको स्वास्थ्य तथा सुरक्षा

**हामी हाम्रा ग्राहक र सहयोगीहरूका लागि सुरक्षित र सफा परिसरहरू प्रदान गर्छौं।** हामीले सबै लागू हुने कार्यस्थल सुरक्षा कानुनहरूको पालना गर्छौं र कार्यस्थलमा हुन सक्ने कुनै पनि टार्न सकिने चोटहरूबाट हामीलाई बचाउन विश्वव्यापी सुरक्षा नीति र प्रक्रियाहरू राखेका छौं। तपाईंले सबै स्वास्थ्य र सुरक्षा सम्बन्धित कानुन र नीतिहरूको अनिवार्य रुपमा पालना गर्नुपर्छ र कुनै पनि सम्भावित स्वास्थ्य वा सुरक्षा चासोलाई कहिले पनि उपेक्षा गर्नुहुँदैन। तपाईंको देशको कम्पनी प्रक्रिया अनुरुप, आफ्ना व्यवस्थापकलाई कुनै पनि सम्भावित खतराहरूका बारेमा सूचित गर्नुहोस् र तुरुन्तै कुनै पनि दुर्घटना, कार्य-सम्बन्धित बिमारी वा चोट भएमा सूचित गर्नुहोस्, चाहे त्यो जति नै सानो किन नहोस्। यसको अतिरिक्त, यी घटनाहरूलाई आकस्मिक सञ्चालन केन्द्र (Emergency Operations Center) लाई (emergencyoperationscenter@bbw.com) मा सूचित गर्नुहोस्।

## हिंसा रहित कार्यस्थल; हतियार वा बन्दुकहरू बर्जित

**हामी हिंसा र हिंसा गर्ने धम्कीलाई धेरै गम्भीरताका साथ लिन्छौं।** तपाईंले कसैलाई धम्काउनु वा हानि पुर्‍याउनु हुन्छ भने, काम गरेको वा काम नगरेको समयमा, "मजाक" वा "रिसाएको क्षण" मा गरेको भनेर वास्ता नगरीकन तपाईंको रोजगारी समाप्त गर्न सक्दछ। यसको अतिरिक्त, हामी सहयोगीहरूलाई कम्पनीको परिसरमा वा हाम्रो स्टोरहरूभित्र हतियार बोक्न अनुमति दिँदैनौं।

## समान अवसर

**हामी समान अवसर प्रदान गर्ने रोजगारदाता हौं।** हामी कुनै व्यक्तिको जाती, वर्ण, धर्म, लिङ्ग, लैङ्गिक पहिचान, राष्ट्रिय मूल, नागरिकता, उमेर, अशक्तता, यौनिक झुकाव, वैवाहिक स्थिति, गर्भावस्था, वंशाणुगत जानकारी, संरक्षित भेटेरानसम्बन्धी स्थिति वा अन्य कानुनी संरक्षित स्थितिका आधारमा रोजगार निर्णय लिँदैनौं र हामी गैर-विभेद रोजगारी अभ्यासहरू सम्बन्धित सबै कानुनहरूको पालना गर्छौं। हामी अपाङ्गता भएका सहयोगी र रोजगारी आवेदकहरूलाई उचित आवासहरू प्रदान गर्नका लागि प्रतिबद्ध छौं। भर्ती, नियुक्ती, नियोजन, प्रोत्साहन, स्थानान्तरण, तालिम, प्रतिपूर्ति, लाभहरू, सहयोगी गतिविधिहरू र रोजगारीको दौरानमा सामान्य उपचारहरूसँग सम्बन्धित विषयहरूमा रहेर हाम्रो व्यवस्थापन टोली यस नीतिको पालना हुने सुनिश्चित गर्नका लागि प्रतिबद्धित रहेको छ।



## यौन उत्पीडन रोकथाम

हामी कुनै पनि किसिमको यौन उत्पीडनलाई सहन गर्दैनौं। हामी सम्पूर्ण किसिमका यौन दुर्व्यवहार-मुक्त एक कार्यस्थल कायम गर्नका लागि प्रतिबद्ध रहेका छौं, चाहे त्यस्तो दुर्व्यवहार वास्तविक वा बुझिएको लिङ्ग (गर्भावस्था, प्रसव, स्तनपान/स्तनपान स्थिति वा त्यससँग सम्बन्धित मेडिकल स्थिति समेतसमावेश), यौन अभिमुखीकरण (विषमलैंगिकता, समलैंगिकता र उभयलैंगिकता समेत समावेश), लैङ्गिक पहिचान (भन्नाले एक व्यक्तिको आफ्रो लैङ्गिकता बारेमा आन्तरिक बुझाइ, जसमा पुरुष, महिला, महिला र पुरुषको एउटा संयोजन, महिला वा पुरुष दुवै भन्दा पृथक, जन्मको बेलामा प्रदान गरिएको लैङ्गिकता भन्दा फरकको लैङ्गिकता वा ट्रान्सजेन्डर) वा लैङ्गिक अभिव्यक्तिको कारणले भएको होस्।

हाम्रो यौन उत्पीडन रोकथाम नीति (Sexual Harassment Prevention Policy) अन्तर्गत, "यौन उत्पीडन" ले सबै अवान्छित यौन-सम्बन्धित र यौन-आधारित गतिविधिहरू जनाउँछ र यसमा 5 मुख्य दुराचारका वर्गहरू समावेश छन्:

1. अवान्छित यौन पहुँच, ध्यान वा दोहोर्‍याउने प्रतिक्रियाहरू;
2. यौन दबाव, जसको अर्थ अवान्छित यौन-सम्बन्धित इशाराहरू जसमा रोजगारी-सम्बन्धित धम्की वा प्रलोभन समावेश हुन्छ;
3. लिङ्ग-आधारित उत्पीडन, जसको अर्थ कुनै पनि त्यस्तो दुराचार हुन् जुन एक व्यक्तिमा त्यस व्यक्तिको लैङ्गिताका आधारमा लक्षित हुन्छ। लिङ्गलाई लैङ्गिक अभिमुखीकरण, स्वयं-पहिचान गरिएको वा बुझिएको लिङ्ग, लैङ्गिक पहिचान, लैङ्गिक अभिव्यक्ति वा ट्रान्सजेन्डर स्थिति;
4. यौन स्टिरियोटाइपिङ (रुढिबद्धता)मा आधारित उत्पीडन, जुन तब हुन्छ जब कुनै व्यक्तिको आचरण, व्यक्तित्व लक्षणहरू वा आचरणलाई अनुपयुक्त मानिन्छ मात्र यस कारणले कि ती व्यक्तिले कुनै विशेष लिङ्गका मानिसहरू कस्तो देखिनुपर्छ वा कसरी व्यवहार गर्नुपर्छ भन्ने विचारधारा लिएका कुनै अरू व्यक्तिको विचारसँग सहमत हुँदैनन्। यौन स्टिरियोटाइपिङ तब पनि हुन्छ जब एक व्यक्तिको पारिवारिक जिम्मेवारीहरूका बारेमा अनुमानहरूमा आधारित दुराचारी व्यवहार गरिन्छ, जस्तै यस्तो अनुमान कि महिलाहरू प्राथमिक स्याहरकर्ता हुन्छन् र बुवाहरूले अभिभावक बिदा लिनुपर्दैन र
5. कुनै व्यक्तिको गर्भावस्था, प्रसव वा स्तनपानसहित समावेश सम्बन्धित मेडिकल अवस्थाहरूसँग आधारित दुराचार।

यौन दुर्व्यवहारले एक द्वेषपूर्ण कार्य वातावरण पनि निर्माण गर्न सक्ने अवस्था हुन्छ जब:

- यस्तो आचारलाई स्वीकार गर्नु व्यक्त वा अव्यक्त किसिमले एक व्यक्तिको रोजगारीको एउटा शर्त वा अवस्थाको रूपमा प्रस्तुत गरिन्छ;
- यस्तो आचारलाई स्वीकार गर्नु वा अस्वीकार गर्नुलाई त्यस व्यक्तिलाई असर पार्ने रोजगारी-सम्बन्धित निर्णयको आधारको रूपमा लिइन्छ;
- यस्तो आचारले एक व्यक्तिको कार्य प्रदर्शनसँग अनुचित रूपमा हस्तक्षेप गर्छ वा एउटा त्रासपूर्ण, शत्रुतापूर्ण वा आक्रामक कार्य वातावरणको निर्माण गर्छ।

हाम्रो नीतिलाई उल्लङ्घन गर्नका लागि यौन उत्पीडन गम्भीर वा व्यापक हुनुपर्ने आवश्यक छैन; यो कुनै पनि किसिमको उत्पीडन दिने व्यवहार हुन सक्छ जसमा हल्का असहजता वा नगण्य कष्टहरू भन्दा बढी समावेश हुन सक्छन्। यसको अतिरिक्त, आफैमा हानिकारक नदेखिने किसिमका आचरणहरूले पनि समयसँगै सञ्चित हुँदै जाँदा एउटा प्रतिकूल कार्य वातावरणको परिणामलाई रुप दिन सक्छ।

यौन उत्पीडन कुनै पनि लिङ्ग वा लैङ्गिकता भएका मानिसहरूबिच हुन सक्छ; उही स्तरका एसोसिएट वा फरक स्तरका एसोसिएटहरूकोबिच हुन सक्छ; सहयोगी र बिक्रेताहरूकोबिच हुन सक्छ; वा एसोसिएट र ग्राहकहरूको बिच हुन सक्छ। उत्पीडन विरुद्धको हाम्रो निषेध भनेको अनौपचारिक व्यावसायिक स्थिति र कम्पनी-प्रायोजित आयोजनाहरूमा पनि लागू हुन्छ, जसमा कम्पनी पार्टी र ट्रिपहरू पनि समावेश छन्।



## शिष्टाचार, गैर-विभेद र अन्य उत्पीडन

**हामी सबै किसिमका विभेद र उत्पीडनबाट मुक्त एउटा कार्य वातावरणलाई कायम राख्नका लागि हामी प्रतिबद्ध छौँ।** हामी वास्तविक वा बुझिएको जात (जातीय विशेषताहरू समावेश गर्ने जुन ऐतिहासिक रूपमा जातसँग सम्बन्धित छन्, जसमा तर सीमित छैनन्, कपालको बनावट र सुरक्षात्मक केशशैली), विश्वास (धार्मिक विश्वास, पालन र अभ्यास, र पोशाक वा सौन्दर्य अभ्यासहरू समावेश गर्दै), रङ, लिङ्ग (विषमलिङ्गी, समलैंगिकता, र द्विलैंगिकता समावेश गर्दै), लैङ्गिक पहिचान (जसको अर्थ व्यक्तिको आफ्नो लिङ्गको आन्तरिक बुझाइ, वा व्यक्तिको लैङ्गिक पहिचानको धारणा, जसमा पुरुष, महिला, पुरुष र महिलाको संयोजन, न त पुरुष न त महिला, जन्मदाताको लिंग भन्दा फरक लिंग, वा ट्रान्सजेन्डर समावेश हुन सक्छ), लैंगिक अभिव्यक्ति, धर्म, राष्ट्रिय मूल, वंश, जातीयता, नागरिकता, सेनामा सेवा गरेको अवस्था, आनुवंशिक जानकारी, वा लागू संघीय, राज्य वा स्थानीय कानुनअन्तर्गत सुरक्षित कुनै अन्य विशेषताको सबै प्रकारको भेदभाव र दुर्व्यवहार निषेध गर्दछौँ।

यो नीति सबै सहयोगी, अरू पारम्परिक रूपमा एसोसिएट भनेर परिभाषित नगरिएकाहरू, जस्तै रोजगारीका लागि आवेदकहरू, इन्टर्न र एक्सटर्नहरू (भुक्तानी गरिएका वा नगरिएका जुन भएपनि), प्रशिक्षार्थी, स्वतन्त्र ठेकेदार, उप-ठेकेदारहरू, अल्पकालिन कामदारहरू र सल्लाहकारहरूमा लागू हुने छ। यो नीति सबै ग्राहक, वितरक, ठेकेदार, सक्रिय वा सम्भावित व्यापारिक साझेदारहरू र अन्य तेस्रो पक्षहरूलाई लागू हुन्छ जब उनीहरू हामीसँग व्यापार गर्छन् वा हाम्रो परिसरभित्र रहेका हुन्छन्। हामी अपेक्षा राख्छौँ कि उहाँहरूलाई सम्मानपूर्वक व्यवहार गरिने छ र उहाँहरू हाम्रो सम्मानको संस्कृतिसँग अनुकूल हुने किसिमले व्यवहार गर्नुहुन्छ।

हामी विभेदपूरण वा उत्पीडन हुने किसिमको व्यवहारलाई सहन गर्दैनौं। उदाहरूणमा निम्न लगायत पर्दछन्:

- प्रतिक्रिया, गाली, चित्र-व्यंग्य, चुट्किला, टेक्स, सामाजिक सञ्जालका पोस्ट वा अन्य सञ्चारहरू जसमा अनादर गर्ने, अपमानजनक, असंवेदनशील सामग्रीहरू हुन्छन् वा लागू हुने कानुनअन्तर्गत कुनै व्यक्तिको संरक्षित स्थिति बारेमा अनुमानहरू; र
- कुनै व्यक्तिविरुद्ध विभेद गरिँदा अरूहरूसँग सहभागी हुने।

विभेद र उत्पीडनको अतिरिक्त, असभ्यता तथा बुलिइङ (दादागिरि) अरू किसिमका अपमानजनक वा अनुपयुक्त व्यवहार हुन् जुन सानादेखि गम्भीर प्रकृतिसम्मका हुन सक्छन् र यी सह्य हुने छैन। बदमाशीमा त्यस्ता दोहोरिने कार्यहरू समावेश हुन सक्छन् जसको आशय तर्साउने, उत्पीडन गर्ने, अनादर गर्ने वा क्रोधित गराउने हुन सक्छन्। बदमाशीमा मौखिक, गैर-मौखिक, मनोवैज्ञानिक वा शारीरिक हुन सक्छ। दृष्यात्मक उद्देश्यहरूका लागि, बदमाशीका केही उदाहरणहरू निम्न रहेका छन् जसले सबैजनालाई मर्यादापूर्वक र सम्मानजनक किसिमले व्यवहार गर्ने हाम्रो प्रतिबद्धतालाई कमजोर तुल्याउँछ।

- सहकर्मीलाई अपमान गर्ने, विशेषगरी अरूको अगाडि;
- व्यक्तिगत आक्रमणहरू (जस्तै क्रोधपूर्ण व्यवहार, नाम बिगारेर बोलाउने र त्यस्तै कार्य);
- शारीरिक त्रास-धम्की;
- कुनै सहकर्मी वा सहकर्मीको समूहको विरुद्ध उत्रत वा "समूहगत त्रास" देखाउन प्रोत्साहन दिने;
- कसैको स्वेच्छा विपरित गर्न नचाहेको वा भन्न नचाहेको कुनै कुरा गर्न दबाव दिने;
- मौखिक, गैर-मौखिक, दृष्यात्मक वा भौतिक व्यवहार जसले कुनै अरू व्यक्तिलाई त्रास दिने, क्रोधित गराउने वा असहज बनाउने;
- आपत्तिजनक टिप्पणीहरू;
- अन्य व्यक्तिका कार्यको उत्पादनमा बिगार्ने वा अन्य व्यक्तिका कामलाई नियोजित रूपमा कमजोर पार्ने, र
- द्वेषपूर्ण, शत्रुतापूर्ण वा आपत्तिजनक किसिमको व्यवहार।

सहकर्मी, ग्राहक, बिक्रेता, ठेकेदार, वा व्यावसायिक साझेदारलाई विद्युतीय माध्यमबाट, कम्पनीको परिसर बाहिरबाट बुलिइङ गर्ने, उनीहरूविरुद्ध विभेद गर्ने वा उनीहरूको अनादर गर्ने अथवा कार्यालय समय भन्दा बाहिरको कुनै त्यस्तो आचार जसले कार्यालयलाई असर गर्छ, यी पनि निषेधित छन्।

## उत्पीडन, विभेद तथा प्रतिकारका बारेमा सूचित गर्ने मार्गदर्शन

**तपाईंलाई आफूले कुनै पनि त्यस्तो दुराचार भोगेको जस्तो लाग्छ जसले कम्पनीको यौन उत्पीडन रोकथाम नीति, शिष्टाचार, गैर-विभेद र अन्य उत्पीडन रोकथाम नीति, गैर-प्रतिकार नीति वा अन्य नीतिको उल्लङ्घन गरेको छ वा तपाईं त्यस्तो किसिमको कुनै आचारको प्रत्यक्षदर्शी हुनुहुन्छ भने, तपाईंले तुरुन्तै त्यस्तो आचारका बारेमा सूचित गराउनुपर्छ।** तपाईंले आफ्नो सिधा माथिको पर्यवेक्षकसँग बोल्न, उहाँलाई लेख्न वा सम्पर्क गर्न सक्नुहुन्छ वा यदि त्यस्तो आचारमा तपाईंको सिधा माथिको पर्यवेक्षक, कुनै अरू व्यवस्थापक वा पर्यवेक्षक संलग्न छन् भने तपाईंले आफ्ना मानव संसाधन साझेदार, विश्वव्यापी नैतिकता र अनुपालन वा नैतिकता हटलाइनमा त्यसरी सम्पर्क गर्न सक्नुहुन्छ।

पर्यवेक्षक र व्यवस्थापकहरूमा - त्यस्तो क्षमतामा अल्पकालीन रूपमा सेवारत हुँदा समेत - यौन वा अन्य उत्पीडन, विभेद, प्रतिकार वा अन्य आफू सचेत भएको दुराचारका बारेमा सूचित गर्ने दायित्व रहेको हुन्छ। जुन पर्यवेक्षक र व्यवस्थापकहरू यस्ता आचार देख्छन् वा दुराचारको गुनासो प्राप्त गर्छन्, उहाँहरूले त्यस्तो आचारलाई वा गुनासो गर्नेहरूलाई अनिवार्य रुपमा आफ्नो मानव संसाधन साझेदार वा विश्वव्यापी नैतिकता र अनुपालनलाई सूचित गर्नुपर्छ जसले गर्दा कम्पनीले अनुसन्धान गर्न सक्छ र उपयुक्त भएमा सुधारात्मक कारबाही लिन सक्नुहुन्छ।

तपाईंले उत्पीडन, विभेद र प्रतिकार सूचित गर्ने मार्गदर्शनलाई समीक्षा गरेर चिन्ताहरूलाई सूचित गर्ने र अनुसन्धान प्रक्रियाका बारेमा थप जानकारी प्राप्त गर्न सक्नुहुन्छ।

## लागूऔषध र मदिरा-मुक्त कार्यस्थल

**संहितामा उल्लेख गरिएझैं हामी लागूऔषध र मदिरा-मुक्त कार्यस्थल प्रदान गर्न प्रतिबद्ध रहेका छौं।** मदिरा र अवैध लागूऔषधको प्रभावहरूका साथसाथै कुनै पनि अन्य कानुनी पदार्थको प्रतिकूल प्रभावबाट तपाईंले पूर्ण रूपले स्वतन्त्र रहेर काम गर्नुपर्छ। तपाईंले अवैध लागू औषधिहरू बेच्न, स्वमित्वमा राख्न, वितरण गर्न, प्रयोग गर्न वा खरिद गर्न - वा कम्पनी परिसर वा कामको समयमा - प्रेस्क्रिप्शनको औषधि बिक्री, हस्तान्तरण वा वितरण गर्न पाउनुहुँदैन। तपाईंले मदिरा वा अवैध लागू औषध सेवन गरे पश्चात काम गर्नका लागि हाजिर हुन सक्नुहुन्न। उदाहरणका लागि, तपाईंले खाजा खान जाँदा, मदिरा पिएर आउने र पछि काममा फर्कने कार्य गर्नुहुँदैन। कम्पनीले एउटा विश्वव्यापी एसोसिएट मदिरा नीति अपनाएको छ जसले कम्पनी-प्रायोजित आयोजनाहरूमा वा कम्पनीको कामले बाहिर रहँदा मदिरा सेवनको विषयलाई सम्बोधन गर्छ।

## जिम्मेवार वितरकहरूसँग साझेदारी गर्ने

**हामी त्यस्ता वितरकहरूसँग मात्र साझेदारी गर्ने प्रयास गर्छौं जसले हाम्रो मूल्य-मान्यतालाई तथा नैतिक र जिम्मेवार व्यावसायिक अभ्यासलाई अपनाउँछन्।** हाम्रा सामग्रीहरूको गुणस्तरको सुरुवात हाम्रा उत्पादनहरू निर्माण गर्ने मानिसहरूसँग गरिने व्यवहारबाट हुन्छ भन्ने विचारमा हामी दृढ रूपमा विश्वास गर्छौं। यसै कारणले, हामीसँग एउटा वितरक आचार संहिता तथा अनुपालन मार्गदर्शक पुस्तक छ जसले वितरकहरूका लागि हाम्रा मापदण्डहरूको रुपरेखा प्रदान गर्छ। विश्वव्यापी रूपमा हाम्रा वितरकहरू सञ्चालन हुने विभिन्न कानुनी र सांस्कृतिक वातावरणहरू भएको कुरालाई हामीले मान्यता दिएपनि, हामीसँग व्यापार गर्नका लागि हामी आफ्ना वितरकहरूबाट Bath & Body Works को उच्च मापदण्डसँग अनुकूल बन्ने अपेक्षा राख्छौं। Bath & Body Works ले ज्ञात रूपमा साझेदारी त्यस्ता किसिमका कुनै किसिमको आधुनिक दासत्वमा संलग्न भएका वा हाम्रा वितरक मापदण्डहरूसँग प्रतिबद्ध हुन वा अनुपालन गर्नका लागि अनिच्छुक रहेका वितरकसँग गर्नुहुन्न।

## वातावरणीय जिम्मेवारी

**हामी हाम्रो उद्योग, हाम्रो समुदाय र हाम्रो विश्वका लागि सही कुरा गर्नुमा विश्वास गर्छौं।** हामी सबै लागू हुने वातावरणीय कानुनहरूको अनुपालन गर्छौं र हामी आफ्नो व्यवसायलाई एक वातावरणीय रूपमा जिम्मेवार तरिकाले सञ्चालन गर्नका लागि प्रयासरत छौं, जसले गर्दा वातावरणमा हाम्रो प्रभाव न्यूनीकरण गर्न सकिन्छ।

## उत्पादन गुणस्तर

**हाम्रो उत्पादनहरूको गुणस्तर र सत्यनिष्ठाप्रति हामी गौरवान्वित हुन्छौं।** हामी सम्पूर्ण लागू हुने उत्पादन सुरक्षा कानुनसँग अनुपालन गर्ने उच्च-गुणस्तर उत्पादनहरूको बिक्री गर्न उच्च प्रयास गर्छौं।

## विश्वव्यापी व्यापार

**हामी आयात र निर्यात कानुन र नियमहरूको अनुपालन गर्छौं।** केही विशेष देश, आर्थिक क्षेत्र, आरोपित इकाइ वा व्यक्तिहरूसँगको व्यापारिक लेनदेनसँग सम्बन्धित आर्थिक नाकाबन्दी र बन्देजहरू देशहरूले लागू गराउन सक्छन्। विशेष प्रतिबन्धित सामग्री वा प्रविधिहरूको निर्यात वा देशभित्रका आन्तरिक हस्तान्तरण सम्बन्धित नियन्त्रणहरू पनि प्रायः देखिरहन्छन्। हामी सबै आर्थिक नाकाबन्दीहरूको साथै हाम्रो व्यापारसँग सम्बन्धित हुने निर्यात नियन्त्रण कानुनहरूको अनुपालन गर्छौं र हामी अमेरिकाले समर्थन नगर्ने बहिष्कारहरूमा सहभागी हुँदैनौं।

## मनी लाउन्डेरिङ

**हामी मनी लाउन्डेरिङ सम्बन्धित सबै लागू हुने कानुनको पालना गर्छौं।** मनी लाउन्डेरिङ भनेको कुनै आपराधिक गतिविधि, जस्तै लागू औषधको तस्करी वा आतंकवादी वित्त पोषण, लगायतबाट पैसा कमाउने वा कोष उत्पन्न गराउने त्यस्तो प्रक्रिया हो, जसलाई कुनै वैध स्रोतबाट आएको जस्तो किसिमले देखाइन्छ। आपराधिक कोषहरूमा त्यस्ता हरेक किसिमका सम्पत्ति, घर-जग्गा र अदृष्य सम्पत्तिहरू पनि समावेश गरिन्छन् जुन आपराधिक गतिविधिबाट प्राप्त हुन्छ।



## हितका द्वन्द्वहरू

**हामी हितको द्वन्द्वहरूबाट टाढा रहन्छौं।** हितको द्वन्द्व कुनै पनि किसिमको गतिविधि, आर्थिक स्वार्थ वा व्यावसायिक सम्बन्ध हो जसले गर्दा कम्पनीको तर्फबाट विषयनिष्ठ निर्णयहरू गर्ने तपाईंको क्षमतामा हस्तक्षेप हुन्छ (वा हस्तक्षेप गरेको जस्तो देखाउन सक्छ)। हितको द्वन्द्वले हाम्रो कम्पनीका लागि जोखिमहरू ल्याउन सक्छ र हामी सबैमा हितको द्वन्द्व ल्याउन सक्ने - वा ल्याएको जस्तो देखाउन सक्ने - स्थितिहरूबाट पन्छिनुपर्ने एउटा कर्तव्य रहेको हुन्छ। तपाईंको आफ्नै कार्य, आर्थिक र व्यापारिक हित वा सम्बन्धहरूले हितको द्वन्द्वको निर्माण गर्न सक्छ। वार्षिक सर्वेक्षण प्रक्रियाको एउटा हिस्साको रूपमा र उत्पन्न भएको देखिँदाको समयमा तपाईंले सम्भावित हितको द्वन्द्वलाई आफ्ना व्यवस्थापक, मानव संसाधन साझेदार वा विश्वव्यापी नैतिकता र अनुपालनलाई EthicsandCompliance@BBW.com मार्फत सूचित गर्नुपर्छ।

तपाईंले कहिल्यै पनि कम्पनीको सम्पत्ति, जानकारी वा Bath & Body Works रहेको आफ्नो पद व्यक्तिगत लाभको लागि प्रयोग गर्नु हुँदैन। एकै क्षेत्रको अर्को व्यापारमा संलग्न भएर वा उत्पादन, सेवा वा स्वार्थहरूको बिक्रीको कुनै अवसरलाई अन्तै लगेर तपाईंले कहिले पनि कम्पनीसँग प्रतिस्पर्धा गर्नुहुँदैन। स्वार्थको द्वन्द्वसँग सम्बन्धित स्थितिहरू सधैँ स्पष्ट वा समाधान गर्न सहज हुँदैनन्। यस खण्डले तपाईंले धेरैजसो सामना गर्न सक्नुहुने स्थितिहरूलाई वर्णन गर्छ।

### आर्थिक हितहरू

कुनै हितको द्वन्द्व त्यस अवस्थामा उत्पन्न हुन सक्छ जब कुनै सम्भावित आर्थिक लाभले तपाईंको स्वविवेकलाई असर पार्न सक्ने - वा पारेको जस्तो देखिन सक्ने - स्थिति हुन्छ। जस्तै, यदि तपाईंको कुनै त्यस्तो कम्पनीमा आर्थिक स्वार्थ जोडिएको छ जसले Bath & Body Works सँग व्यापार गर्छ र तपाईंको भूमिकाले प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा त्यस कम्पनीलाई संलग्न गर्छ, तपाईंमा हितको द्वन्द्व रहेको हुन सक्छ। यदि तपाईंको कुनै एक वितरकसँग आर्थिक हित जोडिएको हुन्छ जसले कुनै हितको द्वन्द्व निम्त्याउन सक्छ, तपाईंले त्यस्तो स्थितिको खुलासा विश्वव्यापी नैतिकता र अनुपालनलाई गर्नुपर्छ।

### पारिवारिक सदस्यहरू र नजिकका साथीहरूसँग काम गर्ने

तपाईं कुनै पारिवारिक सदस्य वा अरू नजिकको व्यक्तिगत सम्बन्ध भएको कसैसँग काम गर्नुहुन्छ भने, त्यस्तो सम्बन्धले पक्षपात देखापर्ने स्थिति निम्त्याउन सक्छ। यस नीतिको उद्देश्यका लागि, "घनिष्ठ व्यक्तिगत सम्बन्ध" मा तपाईंको पति/पत्नी, साझेदार, आफन्त (रगत, विवाह वा दत्तकद्वारा) व्यक्ति समावेश छ (तर सीमित छैन) जसलाई तपाईं प्रेम वा घनिष्ठ रूपमा संलग्न हुनुहुन्छ वा जससँग तपाईं बस्नुहुन्छ। तपाईंले आफ्नो सूचित गर्ने तहका कुनै पनि नजिकको व्यक्तिगत सम्बन्धका बारेमा आफ्ना मानव संसाधन साझेदार वा विश्वव्यापी नैतिकता र अनुपालनलाई खबर गराउनुपर्छ। यसको अतिरिक्त, तपाईंले कुनै नजिकको व्यक्तिगत सम्बन्ध भएका व्यक्तिसँग सम्बन्धित भर्ती, प्रतिपूर्ति वा प्रोत्साहनसँग सम्बन्धित निर्णयहरूमा संलग्न हुन सक्नुहुन्न। वरिष्ठ उप-प्रमुख वा माथिका निर्देशकहरू कसैले पनि अन्य कसैले पनि अन्य एसोसिएटसँग प्रेम वा अन्तरंग सम्बन्ध राख्नुहुन्न। यसको अतिरिक्त, यदि तपाईं वा तपाईंसँग एक नजिकको व्यक्तिगत सम्बन्ध भएको कुनै व्यक्तिले कुनै वितरक, ग्राहक वा प्रतिस्पर्धीका लागि काम गर्छन् भने तपाईंका व्यवस्थापक र मानव संसाधन साझेदारलाई तुरुन्तै जानकारी गराउनुहोस् र तपाईंले आफूलाई कुनै पनि निर्णय-बनाउने जिम्मेवारीबाट हटाउनुहोस् किनभने यो तेस्रो पक्षसँग सम्बन्धित हुन्छ। Bath & Body Works मा आफ्नो पदलाई बोलपत्र प्रक्रियालाई वा तपाईंको नजिकको सम्बन्ध भएको कुनै व्यक्ति संलग्न भएका छलफललाई असर पार्ने गरी प्रयोग नगर्नुहोस्।

### बाहिरी रोजगारी

केही एसोसिएटहरूको अर्को व्यापार वा अर्को रोजगारी गर्न पाउने कुरालाई Bath & Body Works ले पहिचान गरे तापनि, तपाईंले एक Bath & Body Works को एसोसिएटको रूपमा तपाईंको जिम्मेवारीलाई प्रभाव पार्न सक्ने, तपाईंले कम्पनीको सम्पत्ति प्रयोग गर्नुपर्ने व्यवस्था गर्ने वा तपाईंको कम्पनी प्रतिको गोपनीयता वा अन्य जिम्मेवारीहरूलाई उल्लङ्घन गर्नुपर्ने वा तपाईंलाई कम्पनीबाट उत्पादनहरू वितरण गर्न आवश्यक मात्रै कुनै त्यस्तो बाहिरी रोजगारी वा अन्य गतिविधिहरूमा तपाईंले कहिले पनि सामिल हुनुहुँदैन। सहयोगीहरूले कुनै वितरकसँग काम गर्न पाउँदैनन् यदि उक्त वितरकको Bath & Body Works सँगको व्यापारमा उनीहरूको प्रत्यक्ष वा अप्रत्यक्ष प्रभाव पार्छ भने। यदि तपाईंसँग कुनै बाहिरी रोजगारी एउटा सम्भावित द्वन्द्व हो भन्ने प्रश्नहरू छन् भने, विश्वव्यापी नैतिकता र अनुपालनलाई सम्पर्क गर्नुहोस्।

### बोर्डको सदस्यता र व्यक्तिगत राजनीतिक गतिविधिहरू

एक नाफामूलक संस्थाको निर्देशकहरूको बोर्डमा वा एक सरकारी अधिकारीको रूपमा सेवा गर्नका लागि कुनै पदको स्वीकार गर्दा, कुनै हितको द्वन्द्व नभएको वा यस्तो सेवाले गर्दा आफ्नो काम गर्न सक्ने क्षमतालाई असर नगर्ने कुरालाई तपाईंले सुनिश्चित गर्नका निम्ति विश्वव्यापी नैतिकता र अनुपालनबाट स्वीकृति प्राप्त गर्नुहोस्। तपाईंले एक राजनीतिक अभियान वा कुनै यस्तै गतिविधिमा व्यक्तिगत रूपमा संलग्न भएर त्यस्तो राजनीतिक प्रक्रियामा सहभागी हुने छनोट गर्नुभएमा, तपाईंले त्यस्तो कार्य आफ्नै समयमा आफ्नै पैसाको वा संसाधनहरूको प्रयोगले गर्नुपर्छ। तपाईंलाई कम्पनीको प्रतिनिधित्व गर्न वा कम्पनीको संसाधनहरू वा सेवाहरूको प्रयोग निजी राजनीतिक गतिविधिहरूको निम्ति गर्न अनुमति छैन।



## अध्ययन अवसरहरू

**हितको द्वन्द्व अवस्थित छ भने मलाई कसरी थाहा हुन्छ?**
आफैँलाई सोध्नुहोस्:

- मैले यथोचित व्यापारिक निर्णय गर्ने मेरो क्षमतालाई के मेरा बाहिरी स्वार्थहरूले प्रभाव पार्छ – वा पार्न सक्ने देखिन्छ?
- के मैले यस्तो स्थितिमा मेरो संलग्नताबाट व्यक्तिगत रूपमा लाभ प्राप्त गर्छु? के कुनै साथी वा नातेदारले लाभ प्राप्त गर्ने छन्?
- के यस गतिविधिमा मेरो सहभागिताले गर्दा मेरो काम गर्न सक्ने क्षमतामा हस्तक्षेप हुन्छ?
- के म कम्पनीको सम्पत्तिहरूलाई मेरो व्यक्तिगत लाभको निम्ति प्रयोग गर्ने छु?
- यदि स्थिति सार्वजनिक भएमा, के म असहज महसुस गर्ने छु? के त्यसले मेरो कम्पनीलाई असहज बनाउने छ?

यदि यी मध्ये कुनै पनि प्रश्नहरूको उत्तर "अवश्य" वा "मलाई थाहा छैन" हो भने विश्वव्यापी नैतिकता र अनुपालनबाट मार्गदर्शन प्राप्त गर्नुहोस्।

**एक Bath & Body Works का वितरकले मलाई काम गर्ने घण्टाहरू भन्दा बाहिर एउटा सल्लाहकारको रूपमा सेवा गर्नको निम्ति आग्रह गरे। के मैले त्यसो गर्न सक्छु?**
स्वीकृतिविना सक्नुहुँदैन। Bath & Body Works सँग व्यापार गर्ने कुनै अरू कम्पनीमा एउटा सल्लाहकार रूपमा सेवारत हुँदा त्यसले एउटा हितको द्वन्द्व पैदा गर्छ। त्यस्तो मामिलालाई तपाईंको व्यवस्थापक वा विश्वव्यापी नैतिकता र अनुपालनमा जानकारी गराउनुहोस्।

**मेरा ज्वाइँ हाम्रो टोलीको खुला स्थानको निम्ति अति नै लायक रहेको जस्तो देखिन्छन्। के कम्पनीले उनीहरूलाई नियुक्त गर्न सक्छ?**
तपाईंले आफ्रा ज्वाइँलाई सिफारिस त गर्न सक्नुहुन्छ, तर उनीहरू साधारण आवेदन प्रक्रियाबाट गुज्रिनुपर्ने हुन्छ। यसको अतिरिक्त, तपाईंले आफूलाई निर्णय-लिने प्रक्रियाबाट हटाउनु अनिवार्य हुन्छ र तपाईंले कुनै पनि तरिकाले भर्ती निर्णयको परिणामलाई प्रभाव पार्ने कार्य गर्नुहुँदैन।

**Elizabeth र Dave प्रेम-सम्बन्धमा रहेका छन् र कम्पनीका लागि दुवैले काम गर्छन्, तर फरक स्थलहरूमा। सँगै काम नगर्ने हुनाले, उनीहरूले कहिले पनि कसैलाई आफ्रो सम्बन्धका बारेमा भनेका छैनन्। हालसालै, Dave को बढुवा भयो र उनलाई Elizabeth को स्थलमा सरुवा गरियो। उनीहरूले के गर्नुपर्छ?**

न Elizabeth न Dave ले एकअर्काको प्रतिपूर्ति, लाभ, मूल्याङ्कन वा बढुवाहरूसँग सम्बन्धित निर्णयहरूमा संलग्न हुन पाउने छन्। Elizabeth वा Dave मध्ये एकले अर्कोलाई पर्यवेक्षण गर्छन् वा रिपोर्ट गर्छन् भने, उनीहरूले आफ्रो सम्बन्धलाई मानव संसाधन र विश्वव्यापी नैतिकता र अनुपालनमा खुलासा गर्नुपर्छ।



## निष्पक्ष प्रतिस्पर्धा र निष्पक्ष लेनदेन

**हामी दृढतापूर्वक तर निष्पक्ष र नैतिकतापूर्वक प्रतिस्पर्धा गर्छौं।** हाम्रो व्यवसायलाई मद्दत गर्न वा कुनै प्रतिस्पर्धीको व्यवसायलाई हानि गर्नका लागि हामी कुनै पनि छलकपटपूर्ण व्यापारिक अभ्यासहरूमा संलग्न हुँदैनौं चाहे प्रत्यक्ष रूपमा होस् वा कुनै तेस्रो पक्षको माध्यमबाट अप्रत्यक्ष रूपमा होस्। हामीसँग सबै लागू प्रतिस्पर्धा, निष्पक्ष लेनदेन र एन्टिट्रस्ट कानुनहरूको पालना गर्ने र निष्पक्ष र खुला प्रतिस्पर्धामा हस्तक्षेप गर्ने अभ्यासहरू बेवास्ता गर्ने हाम्रो प्रतिबद्धतालाई बलियो बनाउने एन्टिट्रस्ट नीति छ। यसको अर्थ, उदाहरणका लागि, तपाईं कुनै पनि वितरकसँग वा अन्य तेस्रो पक्षसँग गैर-कानुनी रूपमा प्रतिस्पर्धालाई बाधा पुऱ्याउने सम्झौतामा (चाहे प्रत्यक्ष वा अप्रत्यक्ष होस्) प्रवेश गर्नुहुँदैन। हामी प्रतिस्पर्धीहरूसँगको छलफल र सम्झौताहरूबाट पनि बच्नुपर्छ जसले अरूलाई प्रतिस्पर्धाको फाइदा लिनबाट रोक्न सक्छ - चाहे प्रतिस्पर्धीले सुझाव दिए पनि वा व्यापारिक कार्यक्रममा विषय उठे पनि। यसको अतिरिक्त हामी सत्य र सटीक बिक्री तथा बजारीकरण अभ्याहरूमा संलग्न हुन्छौं तथा हाम्रा सामग्री र सेवाहरूसँग सम्बन्धित भ्रामक, अनुचित वा त्रुटिपूर्ण दाबीहरूको विरुद्ध हामी संरक्षणात्मक कार्यहरू गर्छौं। लागू हुने कानुनहरूका बारेमा विशेष जानकारीका लागि वा मार्गदर्शन प्राप्त गर्नका लागि कानुन विभागलाई (ChiefLegalOfficer@bbw.com) मा सम्पर्क गर्नुहोस्।

## सरकारहरूसँग अन्तरक्रिया

**हामी सरकारी इकाइहरूसँग सत्यबादी र स्पष्ट बन्छौं।** तपाईंलाई कुनै सरकारी वा नियामक प्रतिनिधिले सम्पर्क गर्नु भएमा र तपाईंलाई जानकारी प्रदान गर्न वा तपाईंलाई एक कम्पनीको प्रतिनिधिको रूपमा निरीक्षण गराउन दिन आग्रह आएमा, तपाईंको विभाग वा स्टोरको प्रक्रियाहरूको पालना गर्नुहोस्। कहिले पनि जानी-जानी कुनै पनि सरकारी अधिकारी वा प्रतिनिधिलाई गलत वा भ्रामक जानकारी दिने वा कुनै अनुसन्धानसँग सम्बन्धित अभिलेखहरूलाई नष्ट गर्ने वा अरू सहयोगीहरूलाई त्यसो गर्नका लागि प्रोत्साहन गर्ने कार्यहरू नगर्नुहोस्।

तपाईंले आफ्नो रोजगारी सम्बन्धित जानकारीलाई अरूहरूसँग बाँड्न वा कुनै पनि निष्पक्ष अभ्यासहरू प्रवर्द्धन गर्ने एजेन्सीहरूसँग सक्नुहुन्छ। तपाईंले कुनै पनि सरकारी एजेन्सीलाई वा इकाइलाई कानुनको सम्भावित उल्लङ्घनका बारेमा सूचित गर्न वा लागू हुने कानुन वा नियमहरूको अधीनमा संरक्षित भएका कुनै पनि अरू खुलासाहरू गर्न पाउनुहुन्छ। तपाईंले यस्तो सूचित गर्ने कार्यहरू गर्नका लागि कम्पनीबाट कुनै पनि पूर्व-स्वीकृति लिनु आवश्यक छैन र तपाईंले यस्तो सूचित गरेको बारेमा कम्पनीलाई जानकारी गराउनु आवश्यक हुँदैन्। कुनै सरकारी वा नियामक चासोमा प्रतिक्रिया दिने बारेमा तपाईंसँग प्रश्नहरू भएमा तपाईंले कानुन विभागबाट (ChiefLegalOfficer@bbw.com) सहायता लिनुपर्दछ।

## राजनीतिक संलग्नता

**हामीले सेवा दिने समुदायहरूमा राजनीतिक गतिविधिहरूमा संलग्न हुनु हाम्रो सफलताका निम्ति महत्त्वपूर्ण हुने मान्यता हामी राख्छौं।** हाम्रो कम्पनी सार्वजनिक नीति मामिलाहरूमा संलग्न हुन्छ र कानुनले अनुमति दिएको हदसम्म हामी राजनीतिक योगदानहरू दिन सक्छौं। राजनीतिक गतिविधिहरूका लागि पैसा वा अन्य कम्पनी संसाधनहरूको कुनै पनि प्रयोग गर्न वा प्रतिबद्धता गर्नु अगाडि विश्वव्यापी नैतिकता र अनुपालन तथा सरकारी गतिविधिले त्यसको पूर्व-स्वीकृति प्रदान गर्नुपर्छ।

हाम्रो व्यवसायलाई असर पार्न सक्ने सार्वजनिक नीति मामिलाहरूका बारेमा विश्वव्यापी रूपमा कम्पनीले सरकारी अधिकारी र एजेन्सीहरूसँग पनि सञ्चार गर्दछ। लबिइङलाई सबै तहहरूमा कठोर रूपमा नियमन गरिने हुँदा, सरकारी गतिविधिले कम्पनीको तर्फबाट लबिइङ गतिविधिहरूलाई पूर्व स्वीकृति प्रदान गर्नुपर्छ।

## घुसखोरी र भ्रष्टाचार

**हामी इमान्दार र नैतिक व्यापारिक अभ्यासहरूको प्रयोग गर्नका निम्ति प्रतिबद्ध छौं।** हामी सबै लागू हुने र गैर-घुसखोरी नियमहरूको पालना गर्छौं र हामी जतासुकै व्यापार गर्छौं त्यहाँ हामी कुनै पनि किसिमको घुसखोरी, भ्रष्टाचार वा अनैतिक अभ्यासहरूलाई सहन गर्दैनौं।

अरू कुराहरूमध्ये, गैर-भ्रष्टाचार कानुन र हाम्रो विश्वव्यापी भ्रष्टाचार नीतिले स्थानीय अभ्यास वा चलनलाई वास्ता नगरी कसैलाई पनि कम्पनीका लागि कुनै अनुचित लाभ प्राप्त गर्नका लागि मूल्यको कुनै पनि कुरा प्रस्ताव गर्न वा प्रदान गर्न प्रतिबन्धित गरेको छ र यसरी अस्वीकार गर्दा हाम्रो व्यापारलाई नोक्सान हुने स्थिति रहँदा समेत हामी यस नीतिलाई अङ्गीगार गर्छौं। "मूल्यको कुनै पनि कुरा" भन्ने अभिव्यक्तिलाई विस्तारित अर्थमा व्याख्या गरिँदा यसमा नगद वा नगद सरहका उपहार कार्ड मात्र समावेश नभएर, अरू कुराहरूमध्ये, छुट, उपहार, मनोरञ्जन, आयोजनाको टिकट, भोजन र पेय, यात्रा, अस्थायी आवास र भविष्यको रोजगारीका लागि दिइने बचनहरू पनि पर्छन्। यस्ता प्रतिबन्धहरू तेस्रो पक्षहरूलाई पनि लागू हुन्छ; हामीले प्रत्यक्ष गर्न नसक्ने कुनै पनि कार्य गर्नका लागि हामी कुनै तेस्रो पक्षलाई आग्रह गर्ने वा अनुमति दिने गर्दैनौं। परिणामस्वरूप, हामी केही विशेष तेस्रो पक्षहरूका लागि अतिरिक्त समीक्षा आवश्यक गराउन सक्छौं र हाम्रा सम्झौतामा उपयुक्त गैर-भ्रष्टाचार प्रावधानहरूलाई समावेश गरिएको कुरालाई सुनिश्चित गर्छौं।

तपाईंले यथाशीघ्र रूपमा कुनै पनि शंकास्पद उल्लङ्घनहरूलाई रिपोर्ट गर्नुपर्दछ वा घुसका लागि वा अन्य अनुपयुक्त भुक्तानीका लागि गरिएका आग्रहरूलाई सूचित गर्नुपर्छ। प्रश्नहरू र मार्गदर्शनका लागि, विश्वव्यापी नैतिकता र अनुपालनलाई EthicsandCompliance@BBW.com मार्फत सम्पर्क गर्नुहोस्।



### अध्ययन अवसरहरू

**म अर्को देशमा काम गर्दैछु र एकजना स्थानीय सहयोगीले मलाई भने कि सानो घुस दिनु व्यापार गर्ने र त्यहाँ कामहरू गराउने परम्परागत तरिका हो। मैले के गर्नुपर्छ?**
केही कार्य सम्पन्न गर्नका निम्ति घुस सबैभन्दा सजिलो तरिका जस्तो देखिए तापनि, त्यो सधैँ अनुपयुक्त नै हुन्छ। तपाईंले कहिले पनि कसैलाई पनि घुसको प्रस्ताव गर्ने वा प्रदान गर्ने वा कुनै अरू व्यक्तिलाई तपाईं वा कम्पनीको तर्फबाट घुस दिन लगाउने कार्य गर्नु हुँदैन, चाहे त्यो जस्तोसुकै "चलनचल्ती"को कुरा भएको स्थिति होस्। यदि कुनै व्यापारिक साझेदार वा वितरकले तपाईंलाई कुनै घुस तिर्नका लागि सुझाव दिन्छन् भने तपाईंले त्यस घटनालाई तुरुन्तै विश्वव्यापी नैतिकता र अनुपालनमा सूचित गर्नुपर्छ।

**एक वितरकले कहिलेकाहीँ उनीहरूले आफूले वितरण गर्ने सामग्रीहरूमा भन्सार र शुल्कहरूबाट बच्नका निम्ति सरकारी अधिकारीहरूलाई भुक्तानी गर्ने गरेको कुरा मलाई भन्नुभयो। यसले कम्पनीको पैसा त बचाउँछ होला, तर के यो उपयुक्त छ त?**
छैन। हाम्रा व्यापारिक साझेदारहरूले कानुनको अनुपालन गर्ने अपेक्षा हामी राख्छौँ र हामी त्यस्ता वितरकहरूसँग मात्र व्यापार गर्ने छौँ जो नैतिक र कानुनी रूपमा व्यवहार गर्छन्। तपाईंले उक्त वितरकको व्यवहारलाई तुरुन्तै विश्वव्यापी नैतिकता र अनुपालनमा सूचित गर्नुपर्छ।

## व्यापारिक उपहारहरू र आतिथ्यता

हामी कुनै पनि त्यस्तो उपहारहरू वा आतिथ्यतालाई आदानप्रदान गर्ने कार्य गर्दैनौँ जुन कुनै व्यापारिक निर्णयलाई अनुपयुक्त रूपमा असर पार्ने एक प्रयास जस्तो देखिन सक्छ। तपाईं कुनै दिने वा प्राप्त गर्ने पक्ष भएमा यस्तो नीति लागू हुन्छ। उपहारहरूमा नगद वा नगद सरहहरू (उपहार कार्ड, उपहार प्रमाणपत्र, कटौती र छुटहरू), सामग्री, व्यक्तिगत कृपयाहरू, यातायात, यात्रा वा छुट्टीका आवास, व्यापारिक वा रोजगारी सम्बन्धित अवसरहरू (इन्टर्नसिपसहित) र मूल्यको अरू केही। खाना, ककटेल, आयोजनाहरूका टिकट (खेलकुद आयोजना, कन्सर्ट, नाटक, आदि), अन्य किसिमका मनोरञ्जनहरू र सम्बन्धित यात्रा। तपाईंले यस नीतिमा उल्लेख गरिएका मापदण्ड र आवश्यकताहरूलाई कठोर रूपमा पालना गर्नुपर्छ; कुनै पनि अरू अपवादहरूलाई विश्वव्यापी नैतिकता र अनुपालनले पूर्व-स्वीकृति दिनु आवश्यक हुन्छ।



**यो उपहारहरू र आतिथ्यता नीति सरकारी अधिकारीहरूलाई दिइने उपहारहरूको सम्बन्धमा लागू हुँदैन। कुनै सरकारी अधिकारीलाई प्रस्ताव गरिएको वा प्रदान गरिएको मूल्य पर्ने केही पनि (उपहारहरू र आतिथ्यतासहित) कुराले लागू हुने सबै कानुनहरूको र कम्पनीको विश्वव्यापी गैर-भ्रष्टाचार नीतिको अनिवार्य रूपमा अनुपालन गर्नुपर्छ।** यस नीतिले उपहार र आतिथ्यता दिनेसँग सम्बन्धित विषयहरूका बारेमा सामान्य दिशानिर्देशहरू प्रदान गर्ने भएपनि, Bath & Body Works ले विशेष क्षेत्र, विभाग वा कार्यहरूमा अझ थप प्रतिबन्धात्मक व्यवस्थाहरू लागू गर्न सक्ने छ। उपहारहरू र आतिथ्यताका बारेमा तपाईंसँग कुनै प्रश्नहरू भएमा तपाईंले विश्वव्यापी नैतिकता र अनुपालनबाट सहायता लिनुपर्छ।

उपहारहरू र आतिथ्यता प्रस्ताव गर्ने
कहिलेकाँही त्यस्तो स्थितिहरू आउन सक्छ जब तपाईंले कुनै व्यापारिक सम्पर्कलाई उपहारहरू वा आतिथ्यता प्रस्ताव गर्न चाहनुहुन्छ। हामी कुनै व्यापारिक निर्णयहरूलाई प्रभाव पार्ने कुनै पनि मूल्यको चीज प्रस्ताव गर्दैनौँ वा यस्तो किसिमले बुझ्न सकिने कुनै पनि प्रस्तावहरू गर्दैनौँ। जबसम्म स्थिति यस्तो किसिमको हुँदैन र यदि यो हाम्रो मूल्य-मान्यताहरूसँग अनुकूल भएको हुन्छ र यसलाई तपाईंको व्यवस्थापकले पनि स्वीकृत गरेका छन्, तपाईंले निम्न प्रस्ताव गर्न सक्नुहुन्छ:

- $50 वा सोभन्दा कमको उपहार;
- व्यापारिक भोजनहरू, ती महँगा छैनन् भने;
- कुनै एक बिरलै गरिने आयोजनाको निमन्त्रणा जबसम्म त्यससँग सम्बन्धित खर्चहरू उचित, चलन अनुरूपको र उपयुक्त रहेको छ र यदि तपाईं पनि उक्त बाहिरी पक्षसँग मिलेर आयोजनामा हाजिरी जनाउनुहुन्छ भने; र
- $50को मूल्य भन्दा कमको Bath & Body Works को सामग्री लिन सकिने किसिमका कम्पनी उपहार कार्डहरू हुन् भने।

तपाईंले कहिले पनि प्रस्ताव गर्नु नहुने वा दिनु नहुने:

- नगद।
- नगद सरहहरू जस्तै उपहार कार्डहरू (माथि वर्णन गरिएका कम्पनी उपहार कार्डहरू बाहेकका), उपहार प्रमाणपत्र, छुट र कटौतीहरू;
- $50 भन्दा बढी मूल्य रहेका कुनै पनि कुरा;
- कुनै पनि माग गरिएका उपहार वा आतिथ्यहरू (अर्थात यदि बाहिरी पक्षले तपाईंलाई उपहार वा आतिथ्यताका लागि आग्रह गर्छन् भने)'
- मूल्यको कुनै पनि कुरा जसको सट्टा पारस्परिक लाभको अपेक्षा गरिन्छ; वा
- कुनै पनि कुरा जसले अरू व्यक्तिहरूको रोजगारदाताको मापदण्डलाई उल्लङ्घन गर्ने कारण बन्न सक्छ। हाम्रा व्यापारिक साझेदारहरूको उपहार र आतिथ्यता प्राप्त गर्ने आफ्नै नियमहरू हुन्छन् र तपाईंले कहिले पनि कुनै पनि कुराको प्रस्ताव गर्नुहुँदैन जसले यी नियमहरूको उल्लङ्घन गर्छ भन्ने कुरा सधैँ विचार गर्नुहोस्।

तपाईंले दिने कुनै पनि उपहार वा आतिथ्यतालाई हाम्रो आर्थिक विवरणहरूमा बजेट गरेर समावेश गरिनुपर्छ र सटीक रूपमा खुलासा गरिनुपर्छ।

**अध्ययन अवसरहरू**

**आपूर्तिकर्ता वा अन्य पार्टीसँगको खानालाई असाधारण मानिन्छ भने मलाई कसरी थाहा हुन्छ? के संहिताको सम्भावित उल्लङ्घन हुनबाट रोक्न मैले पहिले नै गर्नुपर्ने कुनै कुरा छ त?**
तपाईंले त्यस प्रकारको भोजन - स्थल, मूल्यको हिसाबले - उचित, चलन अनुरूपको र उपयुक्त रहेको छ कि छैन भनेर आफैलाई सोध्नुपर्छ। संहिताको एक सम्भावित उल्लङ्घन हुनबाट रोक्नका निम्ति, यदि कुनै वितरकले वा तेस्रो पक्षले तपाईंलाई कुनै भोजनको निमन्त्रणा दिन्छन् भने, तपाईंले कुनै त्यस्तो एक स्थलको सुझाव दिनुपर्छ जुन उपयुक्त रहेको भन्ने तपाईंलाई थाहा छ र यो सुनिश्चित गर्नुहोस् कि हाजिरी जनाउनु भन्दाअघि त्यस्तो भेटका बारेमा तपाईंले आफ्ना व्यवस्थापकसँग त्यसका बारेमा छलफल गर्नुभएको छ।

**एक Bath & Body Works का बिक्रेता एक खेलकुद आयोजनाको प्रायोजन गर्दैछन् र उनीहरूसँगको सम्झौतालाई तीन वर्षका लागि नवीकरण गरेको हुनाले "धन्यवाद" ज्ञापन गर्नाका निम्ति उहाँले मलाई मात्र हाजिर हुनका लागि निमन्त्रणा पठाएको छन्। ती बिक्रेताका केही मुख्य निर्देशक र प्रतिनिधिहरू उक्त आयोजनामा हाजिर हुने छन् र मेरो लागि यो उनीहरूसँग सञ्जाल सुदृढ गर्नको लागि एउटा मौका हुने छ। के मैले स्वीकार गर्नुपर्छ?**
पर्दैन। तपाईंले कम्पनीको व्यापार गरेको बापत व्यक्तिगत पुरस्कारलाई स्वीकार गर्न सक्नुहुन्न समय समयमा, कुनै ठूलो परियोजनाको अन्त्यमा कुनै विभाग वा टोलीले कुनै बिक्रेतासँग एउटा "उत्सव मनाउने आयोजना"मा हाजिर हुन सक्छन्, तर कुनै पनि एकल सहयोगीले कुनै बिक्रेतासँग काम गरे पश्चात व्यक्तिगत रुपमा लाभ लिन पाउँदैनन्।




### उपहारहरू र आतिथ्यता स्वीकार गर्ने

तपाईंसँग कुनै प्रदायक, बिक्रेता वा अन्य तेस्रो पक्षले व्यापारिक निर्णयहरूलाई वा लेनदेनलाई प्रभाव पार्ने उद्देश्य राखेको जस्तो लाग्ने कुनै कारण छ भने तपाईंले कहिले पनि त्यस्ता तेस्रो पक्षबाट उपहारहरू वा आतिथ्यता स्वीकार गर्न सक्नुहुन्न। र तपाईंले कुनै पनि तेस्रो पक्षबाट उपहारहरू वा आतिथ्यताका लागि अनुरोध गर्न सक्नुहुन्न। धारणाले पनि महत्त्व राख्छ। कुनै उपहार वा आतिथ्यतालाई स्वीकार गर्दा जनताले, कुनै अरू कम्पनीका बितरक वा बिक्रेताले वा अन्य सहयोगीहरूले कस्तो धारणा राख्न सक्छन् भन्ने बारेमा पनि तपाईं सधैँ सचेत हुनुपर्छ।

यदि दिने पक्षले तपाईंको व्यापारलाई प्रभाव पार्न खोजेको छैन भन्ने बारेमा तपाईं सुनिश्चित हुनुहुन्छ र उक्त उपहारलाई स्वीकार गर्नाले कुनै नकारात्मक धारणा बन्दैन भने, तपाईंले निम्न स्वीकार गर्न सक्नुहुन्छ:

- $50 वा सोभन्दा कमको उपहार;
- व्यापारिक भोजनहरू, यदि ती महँगो छैनन् भने;
- कुनै एक विरलै गरिने आयोजनाको निमन्त्रणा जबसम्म त्यससँग सम्बन्धित खर्चहरू उचित, चलन अनुरूपको र उपयुक्त रहेको छ, यदि तपाईं पनि उक्त बाहिरी पक्षसँग मिलेर आयोजनामा हाजिरी जनाउनुहुन्छ भने र तपाईंका व्यवस्थापकले स्वीकृत गर्छन् भने; र
- छिटो नष्ट हुन सक्ने उपहारहरू, यदि ती टोलीलाई नै बाँडिएको हो भने वा कुनै परोपकारी संस्थालाई दान गरिएको हो भने।

एसियामा रहेका सहयोगीहरूले वर्षमा एक पटकको छुट्टीलाई वा आयोजनालाई $15 वा कम मूल्य भएको एक व्यक्तिलाई सी/होङ्गबाओ/रातो खाम Bath & Body Works बाट बाहिरका कुनै व्यक्ति, कम्पनी वा बिक्रेता समूहबाट स्वीकार गर्न सक्छन्।

तपाईंले कहिले पनि स्वीकार गर्न नहुने:

- नगद;
- नगद बराबर (उपहार कार्ड, उपहार प्रमाणपत्र, छूट र कटौतीहरू);
- $50 भन्दा बढी मूल्य रहेका कुनै पनि कुरा (माथि वर्णन गरिएका छिटो नष्ट हुने उपहारहरू अपवादको रूपमा रहने);
- मूल्यको कुनै पनि कुरा जसको सट्टा पारस्परिक लाभको अपेक्षा गरिन्छ; वा
- कुनै पनि कुरा जसले अरू व्यक्तिहरूको रोजगारदाताको मापदण्डलाई उल्लङ्घन गर्ने कारण बन्न सक्छ।

त्यस्ता केही दुर्लभ स्थितिहरूमा जहाँ कुनै उपहार वा आतिथ्यलाई अस्वीकार गर्नु वा फर्काउनु अव्यवहारिक वा लज्जास्पद हुन सक्छ, तपाईंले तुरुन्तै विश्वव्यापी नैतिकता र अनुपालनलाई सूचित गर्नुपर्छ जसले गर्दा उहाँहरूले तपाईंलाई व्यक्तिगत रूपमा लाभ नपुग्ने किसिमले निष्पक्ष र विषयनिष्ठ तरिकाले उक्त उपहारलाई कसरी व्यवस्थापन गर्न सक्नुहुन्छ भन्ने बारेमा मार्गदर्शन प्रदान गर्न सक्नुहुन्छ, जस्तै कम्पनी-प्रायोजित मौन बोलकबोल अनुदान सञ्चयमा वा परोपकारी कारणहरूमा त्यसलाई दान गरेर। तपाईंले हाम्रो नीतिको उल्लङ्घन हुने गरी प्रस्ताव गरिएका कुनै अरू उपहारहरू वा आतिथ्यता बारेमा विश्वव्यापी नैतिकता र अनुपालनलाई तुरुन्तै सूचित गर्नुपर्छ।

## आर्थिक सत्यनिष्ठा र सटीक अभिलेखहरू

कम्पनी अभिलेखहरू सटीक, समयानुकूल रहेको र पूर्णतयाः वास्तविक लेनदेन र घटनाहरूलाई प्रतिबिम्बित गर्ने किसिमको भएको कुरालाई हामीले सुनिश्चित गर्छौं। हाम्रा शेयरधनी, ग्राहक, सहकर्मी सहयोगी, जनता र सरकारी इकाइ सटीक र सत्य व्यापारिक अभिलेखहरूको हकदार हुन्। हामी कम्पनी सम्पत्तिहरूलाई उपयुक्त किसिमले प्रयोग गर्छौं र सबै खर्च, लेनदेन, सम्पत्ति र दायित्वहरूलाई हाम्रो व्यापारिक अभिलेखहरूमा उचित किसिमले प्रतिबिम्बित गर्छौं। तपाईंको सटीक र पूर्ण अभिलेखहरूको निर्माण गर्ने र आन्तरिक नियन्त्रणहरूको पालना गर्ने जिम्मेवारी हो। कुनै पनि कारणले कुनै अभिलेख वा दस्तावेजलाई कहिले पनि झुटो नबनाउनुहोस्। आन्तरिक नियन्त्रण र प्रक्रियाहरूलाई छल्ने प्रयास नगर्नुहोस्। यस नीतिको प्रयोजनको निम्ति, "अभिलेखहरू" भन्नाले हामीले बनाउने वा राख्ने जानकारीहरू पर्छन, चाहे त्यसको जुनसुकै प्रारुप होस्। यदि तपाईं के आवश्यक छ भन्ने बारेमा सुनिश्चित हुनुहुँदैन भने, आफ्ना व्यवस्थापकसँग वा विश्वव्यापी नैतिकता र अनुपालनसँग कुरा गर्नुहोस्।

### अध्ययन अवसरहरू

**म वित्त वा लेखामा काम गर्दिन। के "आर्थिक सत्यनिष्ठा" मेरो जिम्मेवारी हो त?**
हुन्छन्। अभिलेख राख्ने प्रक्रिया (रेकर्डकिपिङ)मा सटीकता सबैको कार्य हो। खर्चका विवरण र लाभ भर्ती फारमहरू देखि सामग्री सूचीका अभिलेखहरू र खर्चका चलानीहरूसम्म, हाम्रा सम्पूर्ण हिसाबकिताबहरू - चाहे ती नियमित होस् वा असाधारण - सटीक, पूर्ण र उचित तरिकाले अभिलेखीकरण गरिएको हुनुपर्छ।

**मैले एक सहकर्मीले एक जाँच रिपोर्ट पूर्ण भएको जनाएको देखें जब कि तिनले वास्तवमा जाँच गरेकै थिएनन्। मैले के गर्नुपर्छ?**
तपाईंले यस मामिलालाई आफ्ना व्यवस्थापक, विश्वव्यापी नैतिकता र अनुपालन वा नैतिकता हटलाइनमा गएर सूचित गर्नुपर्छ। उनीहरूले निरीक्षण नगरेको बेला रिपोर्टमा हस्ताक्षर गर्न गलत रेकर्ड र बेइमानीको व्यवहारको एक रूप मान्न सकिन्छ र आचार संहिताको उल्लङ्घन गर्न सक्छ।

## व्यक्तिगत र व्यापारिक जानकारीको सुरक्षा गर्ने

**हामी हाम्रो सूचना सम्पत्तिहरू सुरक्षा खतराहरूबाट सुरक्षित गर्दछौं र हाम्रा सहयोगीहरू, ग्राहकहरू, विक्रेताहरू, र ठेकेदारहरूलाई गोपनीयता उल्लङ्घनहरूबाट सुरक्षित गर्दछौं।** हामी लागू हुने कानुनहरूको अनुपालन गर्छौं तथा कानुन, हाम्रो नीतिहरू र हाम्रो कम्पनीका मूल्य-मान्यताहरूसँग अनुकूल हुने गरी जानकारीको रक्षा गर्छौं। जानकारीको रक्षा गर्ने हाम्रो दायित्व कागज र इलेक्ट्रोनिक ढाँचामा जानकारीमा विस्तार हुन्छ। तपाईंले कम्पनीको व्यवसाय सञ्चालन गर्न आवश्यक जानकारी मात्र सङ्कलन र प्रयोग गर्नुपर्दछ र त्यो जानकारी कानुनी वा वैध व्यापार उद्देश्यका लागि आवश्यक हुँदासम्म मात्र भण्डारण गर्नुपर्दछ।

तपाईंले यो सुनिश्चित गर्नुपर्दछ कि हामी हाम्रा ग्राहकहरू र सहयोगीहरूलाई डाटा सङ्कलन, प्रयोग, छनौट, डाटा स्थानीयकरण, डिस्पोजल, स्थानान्तरण र सञ्चार, विज्ञापन, विश्लेषण र विक्रेता व्यवस्थापन (सामूहिक र व्यक्तिगत रूपमा, डाटा "प्रोसेसिङ" को रूपमा सन्दर्भित) सम्बन्धित अनुपालन व्यापार अभ्यासहरू प्रयोग गरेर सुरक्षा गर्दछौं। थप रूपमा, तपाईंले यो सुनिश्चित गर्नुपर्दछ कि आपूर्तिकर्ता र विक्रेताहरू हाम्रो ग्राहक वा व्यापार जानकारीमा पहुँचका साथ लागू कानुन र हाम्रा नीतिहरूको पालना गर्दछन्। तपाईं आवश्यकताहरूबारे अनिश्चित हुनुहुन्छ भने, अनुपालन सूचना अभ्यासहरूमा मार्गदर्शन प्राप्त गर्न कानुनी विभागलाई सम्पर्क गर्नुहोस्।

तपाईंसँग गोप्य र संवेदनशील जानकारीमा पहुँच छ वा डाटा प्रोसेसिङको निरीक्षण गर्नुहुन्छ भने, तपाईंले निम्नसँग सम्बन्धित लागू कानुन, कम्पनी नीतिहरू र प्रक्रियाहरूको अनुपालन सुनिश्चित गर्न आन्तरिक रूपमा सही टोलीहरूसँग काम गर्नुपर्दछः (1) अनधिकृत पहुँच र प्रकटीकरणको विरुद्ध त्यो जानकारीको सुरक्षा र सुरक्षित र (2) केवल कानुनी डाटा प्रोसेसिङ (उदाहरण, ग्राहक निजीकरण, विश्लेषण र विभाजन)



तपाईंले आफ्रो फाइदाका लागि हाम्रो जानकारी सम्पत्तिहरू कहिल्यै प्रक्रिया गर्नुहुँदैन वा त्यो कम्पनीको लिखित अनुमति र कानुनी विभागको समीक्षा र स्वीकृतिविना Bath & Body Works लाभका लागि अर्को कम्पनीको स्वामित्व र गैर-सार्वजनिक जानकारी प्रक्रिया गर्नुहुँदैन। गोप्य व्यापारिक जानकारीहरू हामीले रक्षा गर्नै पर्ने व्यापारिक जानकारीको एउटा उदाहरण हो। Bath & Body Works को गोप्य व्यापारिक जानकारीहरूको रक्षा गर्नुको अतिरिक्त, तपाईंले कुनै पनि बिक्रेता वा व्यापारिक साझेदार वा तपाईंले पहिले काम गर्ने कुनै कम्पनीको गोप्य व्यापारिक जानकारीहरूलाई तपाईंले खुलासा गर्न पाउनुहुँदैन। पहिलेका रोजगारदाताका गोपनीयतालाई रक्षा गर्नुपर्ने अरू सहयोगीहरूको दायित्वहरूको सम्मान गर्नुहोस्। किताब, म्यागेजिन, पत्रिका, चलचित्र, भिडियो, संगीत रेकर्डिङ, वेबसाइट, उत्पादन वा कम्प्युटर प्रोग्रामहरूका गैर-स्वीकृत सामग्रीहरूलाई डाउनलोड, वितरण, सञ्चय वा निर्माण नगर्नुहोस्।




हाम्रो कम्पनीभित्रका विशिष्ट विभागहरू र कार्यहरू पनि विशेष गोपनीयता कानुनहरूको अधीनमा हुन सक्छन् (जसलाई "क्षेत्रीय" कानुन भनिन्छ) एउटा उदाहरणमा नयाँ आर्टिफिसियल इन्टेलिजेन्स ("AI")-सम्बन्धित कानुनहरू रोजगार एप्लिकेसन जाँच गर्ने जस्ता कार्यहरूका लागि लागू हुने समावेश छ। तपाईंले हाम्रो व्यापारका विशेष क्षेत्रहरूमा र तपाईंको भूमिका वा कार्यमा लागू हुने गोपनीयता आवश्यकताहरूसँग अनिवार्य रूपमा अनुपालन गर्नुपर्छ। नियमहरू र आफ्रा दायित्वहरूका लागि गोपनीयता कार्यालयमा सम्पर्क गर्नुहोस्।
तपाईंले कम्पनीको अभिलेख व्यवस्थापन नीतिहरू अनुरूप मात्र जानकारी र अभिलेखहरूलाई नष्ट गर्न पाउनुहुन्छ र कुनै लेखापरीक्षण, जाँच वा मुद्दाको पूर्वानुमानमा कहिले पनि त्यसो गर्न पाउनुहुँदैन। यदि तपाईंसँग आफ्रो रोजगारीसँग सम्बन्धित अभिलेखीकरण (रेकर्ड-किपिङ) आवश्यकताहरूका बारेमा प्रश्नहरू छन् भने, विश्वव्यापी नैतिकता र अनुपालनलाई सम्पर्क गर्नुहोस्।

सहयोगी, ग्राहक, वितरक र बिक्रेताहरूका व्यक्तिगत जानकारीलाई अनिवार्य रूपमा सुरक्षित तरिकाले व्यवस्थापन गरिनुपर्छ। यदि तपाईंलाई संवेदनशील वा व्यक्तिगत जानकारीको उल्लङ्घनको शङ्का छ भने, आपतकालीन अपरेसन सेन्टर (EOC) लाई 800-765-7465 मा वा कानुनी विभाग गोपनीयता कार्यालय privacy@bbw.com मा सम्पर्क गर्नुहोस्।

### अध्ययन अवसरहरू

**तपाईंले कहिल्यै पनि निम्न कुराहरू गर्नुहुँदैन:**

- तपाईंको प्रणालीको पासवर्डहरू अरू कसैसँग बाँड्ने।
- यात्रा गर्दा ल्याप्टप वा अन्य मोबाइल उपकरणहरूलाई निर्बाध छाडेर जाने वा तिनीहरूको चोरी हुन सक्ने गरी एक खुला स्थानमा राख्ने।
- Bath & Body Works का उपकरणहरूमा अस्वीकृत र लाइसेन्स प्रदान नगरिएका सफ्टवेयर डाउनलोड गर्ने।

**मैले एक बिक्रेतालाई एउटा प्रतिवेदन इमेल गरेँ र भूलवश एउटा प्रतिवेदन संलग्न गरेँ जसमा धेरै Bath & Body Works का ग्राहकहरूको इमेल थियो। मैले के गर्नुपर्छ?**
तपाईंले वितरकलाई तुरुन्तै इमेल मेटाउन (डिलिट गर्न) आग्रह गर्नुपर्छ र त्यस घटनाका बारेमा कानुन विभागलाई privacy@bbw.com मा सूचित गर्नुपर्छ।

**एक विशिष्ट वितरकले एक नयाँ उत्पादनको प्रवर्द्धन गर्न चाहन्छन् र उनले मलाई त्यसको बजारीकरणको विस्तार गर्नको निम्ति एक सहयोगी इमेल सूचीको माग गर्नको निम्ति मलाई सम्पर्क गरे। के मैले त्यो सूची बाँड्नुहुन्छ त?**
हुँदैन। कुनै पनि कुरा जुन सहयोगीहरूको पहिचानसँग सम्बन्धित हुन्छ, जस्तै व्यक्तिगत इमेल ठेगाना, फोन नम्बर, तलबका विवरणहरू, आदि, व्यक्तिगत जानकारीहरू हुन् र त्यसलाई वितरकहरूसँग कहिले पनि बाँडिनुहुँदैन – वा कुनै अन्य सहयोगीहरूसँग समेत जसको उक्त व्यापारिक जानकारी पाउनका लागि कुनै व्यापारिक औचित्य रहेको छैन।

## लेखापरीक्षण र अनुसन्धानहरू

**हामी आन्तरिक र बाह्य लेखापरीक्षणहरूसँग तथा कम्पनी नीतिहरूको सम्भावित उल्लङ्घनहरूका बारेमा अनुसन्धानहरूसँग पूर्ण रूपमा सहकार्य गर्छौं।** कम्पनीको तर्फबाट कुनै अनुसन्धान वा लेखापरीक्षणको भागको रूपमा माग गर्न सकिने कुनै पनि दस्तावेजहरूलाई नष्ट गर्ने वा परिवर्तन गर्ने कार्य नगर्नुहोस्। झुटो बोल्ने, उनीहरूलाई जानीजानी गलत वा भ्रामक बयानहरू दिने वा आन्तरिक वा बाह्य लेखा परीक्षक वा अनुसन्धानकर्ताहरूलाई सटीक जानकारी प्रदान गर्न असमर्थ बन्ने कार्यहरू नगर्नुहोस्।

## कम्पनीको नीतिको प्रयोग

**हामी कार्य समय र कम्पनीको सम्पत्तिको प्रयोग कम्पनीको लाभका लागि प्रयोग गर्छौं।** कम्पनी सम्पत्तिहरूमा हाम्रा परिसर, जानकारी, उपकरण, दस्तावेज, डाटा, सफ्टवेयर, प्रविधि सम्पत्ति, आपूर्ति, सामग्री, नमूना र सहायता सेवाहरू समावेश हुन्छन्। कम्पनी सम्पत्तिहरूका अनुपयुक्त प्रयोगले कम्पनीलाई कानुनी र आर्थिक जोखिमा पार्छ। हाम्रो स्वीकार्य प्रयोग नीति र मापदण्डहरूले कम्पनीको सम्पत्तिलाई कहिलेकाँही सीमित, प्रासंगिक व्यक्तिगत प्रयोगका लागि स्वीकृत गर्छ। तपाईंको नियन्त्रणमा रहेको Bath & Body Works को सम्पत्तिलाई चोरी, दुरुपयोग, घाटा वा हानिबाट रक्षा गर्नका लागि उपयुक्त कदमहरू लिन तपाईं जिम्मेवार हुनुहुन्छ। कानुनले सीमित गरेको स्थितिमा बाहेक, Bath & Body Works को सञ्चार उपकरणहरूको (जस्तै इमेल वा कम्पनी सन्देश आदानप्रदान प्लेटफर्महरू) तपाईंले गर्ने प्रयोगमा वा तपाईंले कम्पनीको नेटवर्कलाई प्रयोग गर्दा तपाईंले गोपनीयताको अपेक्षा लिन सक्नुहुन्न। Bath & Body Works सँग सञ्चारहरू र सन्देश उपकरणहरूमा रहेको सामग्री र त्यसको प्रयोगलाई नियमन गर्ने अधिकार रहेको छ – र हामी त्यसो गर्छौं पनि।

## आन्तरिक जानकारी

**हामी आन्तरिक लेनदेनसम्बन्धी नियमहरूको अनुपालन गर्छौं।** आन्तरिक जानकारी भनेको त्यस्तो जानकारी हो (हाम्रो कम्पनीका बारेमा वा अरू कम्पनीको बारेमा) जुन सार्वजनिक हुँदैन र औचित्यपूर्ण रहेको छ – अर्थात त्यस्तो जानकारी जुन एक व्यावहारिक लगानीकर्ताले स्टक खरीद गर्न, बिक्री गर्न वा सम्हाल्ने निर्णय गर्नका लागि महत्त्वपूर्ण मान्न सक्छन्। कम्पनी नीति र कानुनले आन्तरिक जानकारीलाई आफूसँगै राखिरहँदा हामीले के गर्न सक्छौं भन्ने कुरालाई कडाईका साथ सीमित गर्छ। औचित्यपूर्ण जानकारीको उदाहरणहरूमा आयहरू र अन्य आर्थिक परिणाम, बिक्री डाटा, सामग्रीको मात्रा, व्यवस्थापनमा परिवर्तन, अधिग्रहण, बिक्री वा मर्जरसम्बन्धी योजना र व्यापारिक रणनीतिहरू।

तपाईंसँग कम्पनीका बारेमा औचित्यपूर्ण, गैर-सार्वजनिक जानकारी हुँदै गर्दा तपाईंले Bath & Body Works का स्टक वा अन्य धितोपत्रहरूको लेनदेन गर्न पाउनुहुन्न। यो Bath & Body Works का सहयोगीहरू र उनीहरूको परिवार दुवैमा लागू हुन्छ। लेनदेनमा खरीद, बिक्री र खाताका ब्यालेन्सहरू सार्ने, कम्पनी योजनाहरूमा लगानी विनियोजन र लगानी दिशाहरू संलग्न हुन्छन्।

यसको अतिरिक्त, तपाईंले त्यस्तो कसैसँग पनि आन्तरिक जानकारी बाँड्न सक्नुहुन्न जबसम्म उनीहरूसँग त्यस्तो जान्ने स्वीकृत कारण रहेको हुन्छ र तपाईंले Bath & Body Works भन्दा बाहिर कहिले पनि जानकारी बाँड्नु हुँदैन।

### अध्ययन अवसरहरू

**म फाइनान्समा काम गर्दिनँ वा वित्तीय जानकारीमा पहुँच छैन। के आन्तरिक लेनदेनमा लगाइएका प्रतिबन्धहरू मलाई पनि लागू हुन्छन्?**
हुन्छन्। गोप्य, औचित्यपूर्ण जानकारी भएका कुनै पनि व्यक्ति आन्तरिक लेनदेन कानुनहरूको उल्लङ्घन गर्न सक्छन् यदि उनीहरू त्यस्ता जानकारीबाट लेनदेन गर्छन् वा त्यस्ता जानकारीहरू तेस्रो पक्षलाई खुलासा गर्न सक्छन् जसले पछि उक्त जानकारीको आधारमा स्टक लेनदेन गर्छन्। तपाईं सचेत हुनैपर्छ र गोप्य कम्पनी जानकारीलाई अरूहरूसँग खुलासा गर्नु हुँदैन, परिवार र साथीहरूसँगको सामान्य वार्तालापहरूमा समेत।

**हाम्रो बिक्रेतासँग एउटा बैठकको दौरानमा, मैले केही जानकारी थाहा पाएँ जसले मेरा सालाले विचार गरिरहेको केही स्टक व्यापारलाई असर गर्न सक्छ। के मलाई थाहा भएको कुराले मलाई व्यक्तिगत रूपमा लाभ नदिने हुनाले म त्यसो कुरा बाँड्न सक्छु?**
सक्नुहुन्न। यस कानुनले आन्तरिक जानकारीको आधारमा तपाईंलाई स्टक किन्न वा बेच्न प्रतिबन्धित गर्ने मात्र नभएर, यसले तपाईंलाई आफ्नो सालालाई (वा अरू कसैलाई) व्यापार गर्नका लागि सूचित गर्न पनि सुझाव दिनबाट प्रतिबन्धित गर्छ।

**Bath & Body Works ले अर्को वर्ष घरको फेग्रेन्सको नयाँ श्रृंखला बजारमा ल्याउँदैछ भन्ने कुरा एक इन्टरनेट ब्लगमा दाबी गरिएको कुरा पुष्टि गर्नका लागि मेरा एउटा साथीले मलाई आग्रह गरे। के म उसलाई मलाई के थाहा छ भनेर भन्न पाउँछु?**
पाउनुहुन्न। उत्पादन योजना र बजारमा ल्याउने जानकारी गोप्य जानकारी हो र यसलाई कम्पनीबाट बाहिर कसैसँग पनि छलफल गरिनु हुँदैन जबसम्म उक्त जानकारीलाई सार्वजनिक गरिएको हुँदैन। यदि तपाईंसँग कुनै विशेष जानकारी सार्वजनिक गरिएको छ कि भन्ने बारेमा कुनै प्रश्नहरू रहेका छन् भने, कृपया आफ्नो व्यवस्थापक वा Bath & Body Works सञ्चारलाई (communications@bbw.com) मार्फत सम्पर्क गर्नुहोस्।



## बौद्धिक सम्पत्ति

**हाम्रो बौद्धिक सम्पत्ति अधिकारहरू भनेको हाम्रो सबैभन्दा मूल्यवान सम्पत्तिहरूमा पर्छन्।** हाम्रो बौद्धिक सम्पत्तिमा कानुनी रूपमा संरक्षित रचनाहरू समावेश छन्, जस्तै, कपिराइट, ट्रेडमार्क, पेटेन्ट, ब्रान्ड, डिजाइन अधिकार र गोप्य व्यापारिक जानकारीहरू। तपाईंले आफ्नो कामको जिम्मेवारीहरूको दौरानमा रचना गर्नु हुने कामहरू, जसमा, आविष्कार, डिजाइन, कम्पनीको समय लिएर थाहा हुने कुरा र नवीनता, संसाधन वा जानकारीहरू पनि कम्पनीको स्वामित्वमा रहन्छन्।

कम्पनीको र तपाईं स्वयंको रक्षाका लागि, हाम्रा उत्पादनहरूका नक्कल गरिएका सामग्री वा अन्य अनुपयुक्त वितरणहरूलाई तपाईंले सूचित गर्नु हुने अपेक्षा तपाईंबाट हामी गर्छौं। कपिराइट, ट्रेडमार्क र अन्य बौद्धिक सम्पत्तिहरूसँग तपाईंले अनुपालन गर्नु हुने अपेक्षा हामी तपाईंबाट राख्छौं, जसमा कम्पनीका आफ्नै कपिराइट, ट्रेडमार्क र ब्रान्डहरू समावेश छन्। हाम्रा प्रतिस्पर्धीहरूका बौद्धिक सम्पत्तिहरूका बारेमा जानकारी प्राप्त गर्न कहिले पनि भ्रमपूर्ण वा गैर-कानुनी तरिकाहरू नअपनाउनुहोस्। यदि तपाईं हाम्रो बौद्धिक सम्पत्तिको सम्बन्धित तपाईंबाट गरिने उपयुक्त प्रयोगका बारेमा अनिश्चित हुनुहुन्छ भने, तपाईंका व्यवस्थापक वा कानुन विभागलाई (ChiefLegalOfficer@bbw.com) मार्फत बुझ्नुहोस्।

## बाह्य सञ्चारहरू

**स्वीकृति प्राप्त सहयोगीहरूले मात्र कम्पनीको तर्फबाट जनतासँग सञ्चार गर्न पाउने छन्।** कम्पनीले आफ्नो आर्थिक प्रदर्शन तथा महत्त्वपूर्ण विषय र रणनीतिहरूमा दृष्टिकोणहरूको खुलासा त्यस्ता केही सहयोगीहरू मार्फत मात्र गराउँछ जसलाई कम्पनीको तर्फबाट सार्वजनिक रूपमा बोल्ने स्वीकृति प्रदान गरिएको छ।

कम्पनीले लगानीकर्ता र सञ्चार माध्यमहरूलाई कुनै निर्दिष्ट गरिएका प्रवक्तामार्फत मात्र प्रतिक्रिया गर्ने छ। यदि तपाईंलाई लगानीकर्ता र सञ्चार माध्यमहरूलाई कहिले पनि कम्पनीको तर्फबाट आफ्नो राय दिन अनुरोध गरिन्छ भने, उक्त अनुरोधलाई Bath & Body Works सञ्चारमा तर्फ पुर्‍याउनुहोस्।

एक कम्पनीको प्रतिनिधिको रूपमा बाह्य रूपमा औद्योगिक सम्मेलन, शैक्षिक प्रस्तुतीकरण र प्यानेल छलफलहरू जस्ता अवसरहरूमा बोल्नका लागि आएका आग्रहहरूलाई पहिले नै तपाईंको व्यवस्थापक, Bath & Body Works सञ्चार र प्रमुख कानुनी अधिकारीले अनिवार्य रूपमा स्वीकृत गरेको हुनुपर्छ। तपाईं Bath & Body Works सञ्चारबाट पूर्व-स्वीकृतिविना मामिला अध्ययन, ह्वाइट पेपर, अन्य प्रकाशित टुक्राहरू वा पुरस्कार प्रविष्टिहरूमा भाग लिन सक्नुहुन्न। तपाईं वा एउटा तेस्रो पक्षले प्रेस विज्ञप्ती, केस अध्ययन वेबसाइट वा सञ्चार माध्यमहरूसहितका बाह्य पक्षहरूद्वारा गरिएका व्यापार कार्यक्रमहरूमा कम्पनीको लोगो वा नामलाई कुनै बाह्य स्थलहरूमा प्रयोग गर्न चाहेको स्थिति भएमा, तपाईंले Bath & Body Works सञ्चारबाट (communications@bbw.com) मार्फत पहिले नै त्यसका लागि स्वीकृति प्राप्त गर्नुपर्छ।

## सामाजिक सञ्जालको प्रयोग

हामी सामाजिक सञ्जाललाई जिम्मेवारीपूर्वक प्रयोग गर्छौं। संसारभरीका ग्राहक, प्रतिस्पर्धी र सहयोगीहरूले सामाजिक सञ्जालमार्फत राखिएका जानकारीहरूलाई सजिलै पहुँच गर्न सक्छन्। सबै सहयोगीहरूले सामाजिक सञ्जाको प्रयोग गर्दा उत्कृष्ट अभ्यासहरूको पालना गर्नुपर्छ, व्यक्तिगत प्रयोगको लागि समेत।

तपाईंले Bath & Body Works वा हाम्रो कुनै पनि ब्रान्ड वा उत्पादनहरू कम्पनीको बारेमा पोस्टमा उल्लेख गर्नुभयो भने तपाईंले कम्पनीसँग आफ्नो सम्बद्धता स्पष्ट र स्पष्ट रूपमा बताउनुपर्छ (उदाहरणका लागि, "म Bath & Body Works का लागि काम गर्छु, र मलाई नयाँ हलिडे कलेक्सन मन पर्छ") र निम्न दिशानिर्देशहरूको पालना गर्नुहोस्:

- कहिले पनि गोप्य वा विशिष्ट स्वामित्व भएको कम्पनीको जानकारीका बारेमा छलफल नगर्नुहोस्।
- सधैं इमान्दारीपूर्वक सञ्चार गर्नुहोस् र यदि तपाईं कुनै राय राख्नुहुन्छ भने, त्यो तपाईंको राय भएको र कम्पनीको नभएको कुरा स्पष्ट पारेर लेख्नुहोस्।
- कुनै पनि अरू सहयोगी, ग्राहक वा वितरकहरूका बारेमा कहिले पनि उत्पीडक, अश्लील, अपमानजनक वा धम्कीपूर्ण वा कमेन्टहरू नलेख्नुहोस्, वा त्यस्ता कुनै पनि कमेन्टहरू नगर्नुहोस् जसलाई विभेदपूर्ण वा उत्पीडक भनेर बुझ्न सकिन्छ।
- हाम्रा प्रतिस्पर्धीहरूका बारेमा अपमानजनक वा भ्रामक टिप्पणीहरू नगर्नुहोस्
- हाम्रो आचार संहिता र मूल्य-मान्यतालाई तपाईंको मार्गदर्शकको रूपमा प्रयोग गर्नुहोस्



## परोपकारी दान र आग्रहहरू

**त्यस्तो स्थिति पनि आउँछन् जब हामी आफूले विश्वास गर्ने कुनै कुरामा योगदान दिन चाहन्छौं।**

Bath & Body Works हाम्रा धेरै स्थानीय समुदायहरूमा परोपकारी कार्यमा संलग्न हुन्छ र Bath & Body Works Foundation ले परोपकारी संस्थाहरूलाई आर्थिक सहायता प्रदान गर्दछ। कम्पनीले कहिलेकाँही कम्पनी-प्रायोजित परोपकारी गतिविधिहरूको एक हिस्साको रूपमा सहयोगीहरू सामू आग्रह राख्न सक्छ। सहयोगीहरूलाई गरिने सबै सञ्चार, आग्रह वा प्रचारहरूलाई कम्पनीको नीतिहरूको अनुसार रहेर मात्र र सामुदायिक सम्बन्धहरू तथा परोपकारबाट प्राप्त हुने पूर्व-स्वीकृति अनुरुप गर्न सकिन्छ।

हामी सबै सहयोगीहरूलाई परोपकारी संस्थाहरू र उद्देश्यहरूलाई समर्थन गर्न प्रोत्साहन दिन्छौं। यद्यपि, व्यक्तिगत उद्देश्य, उत्पादन वा दृष्टिकोणहरूलाई प्रवर्द्धन गर्नेहरूबाट कार्य गतिविधि र व्यापारिक साझेदारहरूसँग सम्बन्धहरूलाई रक्षा गर्नु महत्त्वपूर्ण हुन्छ। हामीसँग पैसा, समय वा संसाधनहरूको अनुरोध गर्ने र लिखित सामग्री वितरण गर्नेहरूका लागि मापदण्डहरू छन्। तपाईंले कार्य समयको दौरानमा वा हाम्रो कार्यालय र परिसरहरूमा आग्रहहरू गर्नुहुँ दैन वा कम्पनीको तर्फबाट विक्रेता वा व्यापारिक साझेदारहरूसँग सामुदायिक सम्बन्धहरू र परोपकारबाट स्वीकृति नलिइकन आग्रह गर्नुहुँ दैन। यसको अतिरिक्त, कुनै बिक्रेता वा व्यापारिक साझेदारमा एक परोपकारी उद्देश्यका लागि सहायता गर्दा कम्पनीसँगको सम्बन्धलाई फाइदा गर्छ भन्ने खुलस्त वा निहित बुझाई, सुझाव वा अपेक्षा रहेको स्थिति छ भने त्यस्ता कुनै पनि बिक्रेता वा व्यापारिक साझेदारलाई तपाईंले आग्रह गर्नुहुँ दैन। गैर-कम्पनी प्रायोजित गतिविधिहरूलाई कम्पनीको सम्पत्तिहरू भित्र गर्नका लागि अनुमति छैन, काम गर्ने घण्टाहरू भन्दा बाहिर समेत र तेस्रो पक्षहरूले कम्पनीको सम्पत्ति भित्र कुनै लिखित सामग्री आग्रह गर्न वा वितरण गर्न प्रतिबन्धित छ। परोपकारी दान गर्न कम्पनीको कोष वा स्रोतहरूको सबै प्रयोग कम्पनीको फाउन्डेसन अनुदान र कर्पोरेट दिने र संलग्नता नीति र सामुदायिक सम्बन्ध र परोपकार (BBWgiving@bbw.com) द्वारा स्वीकार गरिएको हुनुपर्दछ।



## सम्बन्धित स्रोतहरू

| आचार संहिता खण्ड | सम्बन्धित नीतिहरू |
|---|---|
| **प्रतिकार निषेध** | गैर-प्रतिकार नीति |
| **यौन उत्पीडन रोकथाम** | यौन उत्पीडन रोकथाम नीति |
| **उत्पीडन, विभेद र प्रतिकार सूचित गर्ने** | उत्पीडन, विभेद र प्रतिकार सूचित गर्ने मार्गदर्शन |
| **लागूऔषध र मदिरा-मुक्त कार्यस्थल** | विश्वव्यापी सहयोगी मदिरा नीति |
| **जिम्मेवार वितरकहरूसँग साझेदारी गर्ने** | वितरक आचार संहिता र अनुपालन मार्गदर्शक पुस्तिका |
| **घुसखोरी र भ्रष्टाचार** | विश्वव्यापी गैर-भ्रष्टाचार नीति<br>विश्वव्यापी यात्रा र खर्च प्रतिपूर्ति नीति |
| **व्यापारिक उपहारहरू र आतिथ्यता** | विश्वव्यापी गैर-भ्रष्टाचार नीति<br>विश्वव्यापी यात्रा र खर्च प्रतिपूर्ति नीति |
| **निष्पक्ष प्रतिस्पर्धा र निष्पक्ष लेनदेन** | अविश्वास नीति |
| **सरकारहरूसँग अन्तरक्रिया** | विश्वव्यापी गैर-भ्रष्टाचार नीति |
| **व्यक्तिगत र व्यापारिक जानकारीको सुरक्षा गर्ने आन्तरिक जानकारी** | स्वीकार्य प्रयोग नीति र मापदण्डहरू<br>विश्वव्यापी अभिलेख व्यवस्थापन नीति<br>जानकारी वर्गीकरण र सञ्चालन नीति तथा मापदण्डहरू |
| **आन्तरिक जानकारी** | आन्तरिक लेनदेन नीति |
| **आर्थिक सत्यनिष्ठा र सटीक अभिलेखहरू** | विश्वव्यापी गैर-भ्रष्टाचार नीति<br>विश्वव्यापी अभिलेख व्यवस्थापन नीति<br>विश्वव्यापी यात्रा र खर्च प्रतिपूर्ति नीति |
| **कम्पनीको सम्पत्तिको प्रयोग** | स्वीकार्य प्रयोग नीति र मापदण्डहरू<br>जानकारी वर्गीकरण र सञ्चालन नीति तथा मापदण्डहरू |
| **परोपकारी दान र आग्रहहरू** | फाउन्डेसन अनुदान र कर्पोरेट दिने र संलग्नता नीति |

*तपाईं कुनै पनि बेला विश्वव्यापी नैतिकता र अनुपालनलाई प्रश्नहरू सहित सम्पर्क गर्न सक्नुहुन्छ।*